जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

तेजाब वा अन्य घातक रसायनिक पदार्थको गैरकानूनी उत्पादन, निकासी, पैठारी वा विक्री वितरण गर्नु दण्डनीय अपराध हो।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक ११४ • २०७९ साल भाद्र २६ गते आइतबार (11 September, Sunday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

# आत्मघाती सहमति हुदैन् : अध्यक्ष यादव




**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले गठबन्धनमा आत्मघाती सहमति नगर्ने बताएका छन् । शनिबार जनकपुरधाममा आयोजित एक कार्यक्रममा उनले गठबन्धनका नाममा कुनै पनि आत्मघाती कदम नउठाउने बताएका छन् ।

प्रतिगमनकारी कदमको अन्त्यका लागि गठबन्धन बनाइएको उनले स्पष्ट पारे । आसन्न निर्वाचनका लागि सिट बाँडफाँटमा सन्तुष्ट हुन नसके सत्ता गठबन्धनबाट अलग हुन सक्ने उनको भनाइ थियो । 'संघीयता र गणतन्त्रलाई बचाउनका लागि गठबन्धन गरिएको हो । तर, प्रदेश र संघको निर्वाचनमा सन्तोषजनक सिट नपाएमा गठबन्धनबाट अलग्गिन सक्छौं,'उनले भने ।

जसपा गठबन्धनको पक्षमै रहेको उनले उल्लेख गरे । तर, सिट बाँडफाँटमा सम्मानजनक तालमेल हुनुपर्नेमा उनले जोड दिए । मधेशको शक्तिलाई कमजोर आकलन नगर्न उनले अरू दललाई चेतावनी समेत दिए । संघीयता र गणतन्त्र संकटमा परेको वेला गठबन्धन गरिएको उनले स्मरण गरे ।

सामाजिक विकृतिको रुपमा रहेको पिछडा वर्गहरु माथिको अन्याय अन्तको लागि संवैधानिक रुपमै पहल गर्नुपर्ने उल्लेख गरे । दलित र पिछडा वर्गको उन्नति विना देश समृद्ध हुन नसक्ने उनले बताए ।

उनले वर्तमान निर्वाचन प्रणाली परिवर्तन नगरे सम्म हरेक वर्गको समान सहभागीता हुन नसक्ने दावी गरेका थिए । महँगो निर्वाचन प्रणालीले सवै वर्गको सदन हुन नसक्ने उनको भनाई थियो ।

उनले लोकतन्त्र र संविधानको रक्षाका लागि जसपाले एक्लै सडक आन्दोलन गर्यो, पछि पछि कांग्रेस र कम्युनिष्टहरु पनि आए, जुन दलको बलमा तिनीहरुले सत्तामा गए त्यसले जसपालाई आज कमजोर बनाउन गठबन्धन गर्न लागेको आरोप लगाए ।

उनले जात जाति र वर्गमा बांडिएर पछि पछि लागेको कारण ८० प्रतिशतको संख्यामा रहेका हामी मधेशी र पिछडिएकाहरुमाथि मुठीभर २० प्रतिशतको हराहारीमा रहेका खसहरुले शासन गरिरहेको बताए । एकजुट भएर अघि बढयौं भने आफ्नै सत्ता र शासन चलाउन सक्छौं आफ्नो हकअधिकारलाई स्थापित गर्न सक्छौ उनले बताए । अध्यक्ष यादवले लोकतन्त्र र संघीयताको रक्षाको लागि गठबन्धन अपरिहार्य रहे पनि मधेशी, दलित, आदिवासी जनजातिको प्रतिनिधित्वमा ह्रास आउने गरी गठबन्धनको नाउमा आँखा चिम्लेर कुनै आत्मघाती चाल्न तयार नरहेको स्पष्ट गरे ।

## 'मधेश जनविद्रोहले पहिचान दियो'



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले मधेश आन्दोलनले मधेशी जनताको पहिचान स्थापित भएको बताएका छन् । शनिबार जनकपुरधामको मुजेलियास्थित शहीदको सम्झनामा आयोजित कार्यक्रममा मधेश आन्दोलनले पहिचानको अधिकार प्राप्त भएको उनले बताएका हुन् ।

मधेश जनविद्रोहकै कारण मधेशीले नेपालको नागरिकको रुपमा सम्मान पाएको उनले जिकिर गरे । 'शहीदको बलिदान र मधेश आन्दोलनकै कारण मधेशीलाई विहारी र धोती भन्न छाडिएको छ,'उनले भने,'मधेश आन्दोलनभन्दा अगाडि मधेशीलाई बिहारी, धोती अरु के-के शब्दले सम्बोधित गर्ने गरिन्थ्यो । वीर सपूतको बलिदानीकै कारण संघीय गणतन्त्र नेपाल बनेपछि अहिले त्यस्तो सम्बोधन बन्द भएको छ ।'

राणा विरोधी, निरंकुश राजनीति विरुद्धको आन्दोलन वा जनआन्दोलन वा सशस्त्र विद्रोह वा ऐतिहासिक मधेश जनविद्रोह सवैमा मधेशी विर सपुतहरुको समान सहभागीता रहेपनि विगतमा राज्य पक्षवाट भएको विभेदकै कारण उनीहरुलाई शहीद मान्न पनि तयार भएको थिएन् । तर, मधेश जनविद्रोहले मधेशी शहीद सहित उहाँहरुलाई पनि पहिचान दिलाउन सफल भएको उनले दावी गरेका थिए ।

मुलुकमा निरंकुश शासन प्रणालीको अन्त भई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपनि उनीहरुको हेर्ने दृष्टिकोण फरक नभए सम्म मुलुक समृद्धिको वाटोमा हिड्न कठिनाइ हुने बताए ।

शहीदको बलिदानीकै कारण एकात्मक र निरंकुश शासन प्रणाली फ्याँकेर संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको उनले दावी गरे । लोकतन्त्र र संघीयताविरोधी शक्ति, विभेदकारी शासक वर्ग आज पनि संघीय गणतन्त्रलाई समाप्त गर्ने खेलमा लागेको उनले शंका गरे ।

# निवर्तमान वडाअध्यक्षलाई तीन महिना कैद सजाय

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका निवर्तमान वडा अध्यक्षलाई विशेष अदालतले तीन महिना कैद सजाय सुनाएको छ । महानगरपालिकाको वडा नम्बर १६ का निवर्तमान वडाध्यक्ष श्यामबाबु प्रसाद चौरसियालाई भ्रष्टाचारको मुद्दामा तीन महिना करागार र १० हजार रुपैयाँ जरिवाना सजाय सुनाइएको हो । विषेश अदालतका न्यायाधीशहरु रमेश कुमार पोखरेल र शालिग्राम कोइराला एवम बलभद्र बास्तोलाको इजलासले बिहीबार फैसलामा उक्त सजाय र जरिवाना गरेको छ ।

सोही मुद्दामा जहराती मियां धुनियालाई ८० हजार र ज्ञान्ती देवीलाई ९०हजार रुपैयाँ जरिवाना भराउने फैसला गरिएको छ । अख्तियार दुरुपयोग अनुशन्धान आयोगले वीरगञ्ज वडा नम्बर १६ का निवर्तमान वडा अध्यक्ष चौरसियाले वडामा पर्ने धुनियाले विक्री गरेको जग्गाको मुल्यांकन न्यून गरेर सिफारिस गरेका थिए ।उक्त जग्गा खरिदबिक्रीमा आर्थिक हानी नोक्सानी पुर्याइएको भन्दै उक्त दण्ड सजाय सुनाइएको छ ।

निवर्तमान वडा अध्यक्ष चौरसिया सहित जग्गा विक्रेता धुनिया र खरिदकर्ता ज्ञान्ती देवीलाई समेत प्रतिवादी बनाइ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विषेश अदालतमा २०७७ जेठ ९ गते मुद्दा दर्ता गरेको थियो ।

वडा अध्यक्ष चौरसियाले प्रतिकठ्ठा ६० लाख पर्ने जग्गाको थैली रकम कम राखेर सिफारिस गरेको आरोपमा आयोगले अनुसन्धान गरी आरोपित तीनै जनामाथी विशेष अदालतमा मुद्दा दर्ता गरेको थियो ।

वीरगञ्जको वडा नम्बर १६ मा पर्ने ११ धुर जग्गाको खरीद विक्रीमा वडाअध्यक्ष चौरसियाको सिफारिसको आधारमा थैली रकमकम राख्दा सरकारलाई असुल हुनु पर्ने रजिष्ट्रेशन वापत झन्डै ९५ हजार र पुँजीगत लाभकर तर्फ ८२हजार ५सय रुपैयाँ नोक्सान भएको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।









**कोशी नदीमा माछा मार्दै** : सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-१ कोशी नदीमा माछा मार्दै माझी। *तस्विर : रासस*

# भरतपुर अस्पतालमा स्वास्थ्य बीमाका बिरामीको आकर्षण बढ्दो

चितवन । सरकारले सामाजिक सुरक्षा कार्यक्रम लागू गरेको स्वास्थ्य बीमा कार्यक्रमप्रति यहाँको भरतपुर अस्पतालमा आकर्षण बढ्दै गएको छ । अस्पतालमा विसं २०७४ भदौ १ गतेबाट बीमा कार्यक्रम लागू भएको हो । सरकारले नेपालमा विसं २०७२ मा कार्यक्रम सुरु गरेको थियो । भरतपुर अस्पतालले बीमा कार्यक्रमलाई मुख्य प्राथमिकतामा राखेसँगै यो कार्यक्रम सेवाग्राहीका माझ लोकप्रिय बन्दै गएको छ । अस्पतालमा आउने ७० प्रतिशतभन्दा बढी बिरामी बीमाका हुने गरेका छन् । त्यसो त अस्पतालले कार्यक्रम लागू गरेको पाँच वर्ष पुग्दै गर्दा रु ९३ करोड ५८ लाख ९५ हजार बीमा दाबी भुक्तानी लिएको छ ।

अस्पतालको स्वास्थ्य बीमा कार्यक्रमका संयोजक लिलाधर पौडेलका अनुसार पछिल्ला वर्षहरुमा बीमा दाबी रकम बढेको छ । यस आर्थिक वर्षको साउन यता मात्रै अस्पतालले रु १३ करोड ३२ लाख ४३ हजार दाबी भुक्तानी पाएको छ ।

गत आर्थिक वर्षमा अस्पतालले रु ३० करोड ७९ लाख ७४ हजार दाबी भुक्तानी लिएको थियो । बीमामा बिरामीको आकर्षण बढेकै कारण सङ्ख्या थपिएर दाबी भुक्तानी रकम बढेको हो ।पौडेलले भन्नुभयो, "दाबी गरिएका अधिकांश फाइल सदर भएर धेरै रकम पाउने भरतपुर अस्पताल पहिलो हो", स्वास्थ्य बीमा बोर्डबाट हालसम्म चार सय ५० अस्पतालमा भुक्तान भएकोमध्ये सबैभन्दा बढी रकम भरतपुर अस्पतालमा आएको छ । बिरामीको उपचारपछि रकम दाबी गर्ने गरिन्छ ।

अस्पतालको बीमा शाखामा दक्ष कर्मचारी राखेर निरन्तर दाबी भुक्तानीका लागि काम गरिएको अस्पतालले जनाएको छ । स्वास्थ्य बीमा कार्यक्रम सेवाग्राहीको माझ प्रभावकारी र गुणस्तरीय बनाउन स्वास्थ्य बीमा बोर्डले बीमाकोनीति पृथक बनाएर नियमन गर्नुपर्ने पौडेलको सुझाव छ ।





उहाँले सेवाप्रदायक संस्थाले पनि आफ्नो संस्थाको आन्तरिक व्यवस्थापनलाई चुस्त बनाई उपकरण र जनशक्ति थप गर्दै लैजानुपर्ने बताउनुभयो ।

स्वास्थ्य बीमाको पहिलो विन्दु भरतपुर अस्पताल बनाउने चितवनसहित नवलपुर, धादिङ, गोरखा, तनहुँ, मकवानपुरका समेत रहेका छन् । रिफर भएर आउने बिरामी यी सहित २२ जिल्लाभन्दा बढीका हुने गरेका छन् । अधिकांश बिरामी स्वास्थ्य बीमामार्फत सेवा लिन उच्च महत्वकांक्षाका साथ आउने गरेको पौडेलको भनाइ छ । उहाँले भन्नुभयो, "सरकारी भरतपुर अस्पतालमा विशेषज्ञ चिकित्सकको सङ्ख्या बढी रहेको र सेवाप्रति आकर्षण बढी हुने गरेकाले दैनिक निकै बिरामी आउने गर्दछन् ।" बिरामीको उच्च चाप र न्यून जनशक्तिका कारण बीमाका सबै बिरामीले सोचेजस्तो सेवा लिन भने सकेका छैनन् । अस्पतालमा दैनिक दुई हजारसम्म बहिरङ्ग सेवामा बिरामी आउने गर्दछन् । अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट प्रा डा कृष्णप्रसाद पौडेलले बीमा शाखामार्फत गरिएका मेहनत र प्रयासका कारण अस्पतालको स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी बन्न सफल भएको बताउनुभयो । उहाँले भन्नुभयो, "साउन लागेपछि मात्रै सबैभन्दा बढी रकम भरतपुर अस्पतालले पाउनुमा यहाँका सेवाप्रदायक चिकित्सक, नर्स र कर्मचारीको भूमिका महत्वपूर्ण छ ।" यसरी लाग्नेलाई संस्थागत रुपमा अस्पतालले सधैँ सम्मान गर्ने भन्दै उहाँले अस्पतालमा ओएनएम सर्वेअनुरुपको जनशक्ति प्राप्त भएसँगै कुनै समस्या नरहने गरी गुणस्तरीय सेवा दिन सकिने बताउनुभयो ।

छ सय शय्याको अस्पतालमा नेपाल सरकारका एक सय ७५ कर्मचारी रहेका छन् । बाँकी अस्पताल विकास समितिले धान्दै आएको छ । ओएनएम सर्वेअनुसार एक हजार ८५ कर्मचारी नेपाल सरकारका हुनुपर्दछ । अस्पताल विकास समितिका अध्यक्ष डा भोजराज अधिकारी सेवाग्राहीलाई सोचेजस्तो सेवा अझै दिन नसकिएको भन्दै उहाँले क्रमशः सेवामा गुणस्तरीयता वृद्धि गरिँदै लगिने बताउनुभयो । विगतको तुलनामा बिरामीले राम्रो सेवा पाउँदै गएको भन्दै उहाँले जनशक्तिका कारण अस्पतालले चाहे जति गर्न नसकेको बताउनुभयो । बीमा कार्यक्रम अस्पताल सञ्चालनको मुख्य मेरुदण्ड भएको भन्दै उहाँले थप व्यवस्थित बनाउनुपर्ने बताउनुभयो ।

स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा दामोदर बसौलाले भरतपुर अस्पतालको बीमा कार्यक्रम राम्रो रहेको बताउनुभयो । अस्पतालले बीमा दाबी गर्दा आवश्यक कागजात पुऱ्याएर गरेकाले दाबी गरिएका अधिकांश फाइल सदर हुँदा धेरै रकम लिन सफल भएको उहाँले बताउनुभयो ।

पछिल्ला वर्षहरुमा अस्पतालको गुणस्तरमा सुधारसँगै बढेका बीमाका बिरामीले राम्रो सेवा पाएको बसौला बताउनुहुन्छ । बोर्डले स्थापना भएपछि हालसम्म रु २४ अर्ब निकासा गरेकोमा सरकारी सेवा प्रदायक सबैभन्दा धेरै रकम भरतपुर अस्पताल गएको उहाँले जानकारी दिनुभयो । बोर्डले साउनमा चार सय ५० अस्पताललाई रु दुई अर्ब ६७ करोड भुक्तानी गर्दा भरतपुर अस्पताललाई रु १३ करोड बढी पठाएको छ । बोर्डले सेवालाई व्यवस्थित गर्दै असारसम्मको बाँकी रकम एक महिनाभित्रमा भुक्तानी गर्ने गरी काम गरिरहेको बसौला बताउनुहुन्छ । असारसम्म अस्पताललै भुक्तानी पाउनुपर्ने रकम रु दुई अर्ब ५० करोड हाराहारी छ । स्वास्थ्य बीमा कार्यक्रममा ६० लाख सदस्य बनिसकेका छन् ।रासस

# जागरण अभियान सम्पन्न

काठमाण्डु । युवा सङ्घले महाकाली मेची जागरण अभियान सम्पन्न गरेको छ । मुलुकमा भइरहेका अन्याय, अत्याचार, हिंसा, भ्रष्टाचारका साथै समसामयिक विषयमा जनचेतना फैलाउने उद्देश्यका साथ करिब तीन साता लामो अभियानअन्तर्गत तराईका २२ जिल्लामा आमसभा गरिएको थियो ।





अभियानमा करिब चार लाख सर्वसाधरणले एक्यबद्धता जनाएको युवा सङ्घका अध्यक्ष नरेश शाहीले जानकारी दिनुभयो । नेकपा (एकीकृत समाजवादी) का उपाध्यक्ष प्रमेश हमाललगायतले अभियान सम्पन्न गरी फर्केको प्रतिनिधिमण्डललाई एक कार्यक्रमबीच स्वागत गर्नुभयो ।

पार्टीको बागमती प्रदेश अध्यक्ष सावित्रा भुसालको सहभागितामा भएको कार्यक्रममा महासचिव डा बेदुराम भुसालले मुलुकमा आसन्न निर्वाचनमा आम नागरिकलाई देशको विकृति, राजनीतिक अवस्थाका साथै शान्तिसुरक्षा, महङ्गी नियन्त्रणलगायत विषयमा सुसूचित गर्न युवाले गरेको अभियानको सराहना गर्नुभयो ।रासस

# महानगरको अभियानमा नागरिकको साथ

काठमाण्डु । काठमाण्डु महानगरपालिका-१८ का मञ्जली शाक्यलाई कामपाका प्रमुख बालेन्द्र साहको निर्देशनमा सुरु भएको अवैध संरचना भत्काउने काम सकारात्मक लागेको छ । शाक्य भन्नुहुन्छ, "यसलाई निरन्तरता दिनुपर्छ, सोहीअनुसारको संरचना कसैको भत्काउने कसैको नभत्काउने गरियो भने यसमा विमति जनाइन्छ अन्यथा सकारात्मक कार्यको थालनीमा सहयोग रहन्छ", उहाँले भन्नुभयो ।

"नगरप्रमुख साहले अवैध संरचना भत्काउने सम्बन्धमा अहिलेसम्म गरेको अध्यास ठीक छ । कानुनविपरीतका संरचना भत्काउँदा व्यक्तिगतरूपमा व्यक्तिलाई घाटा वा नाफाभन्दा पनि सामूहिकरूपमा यसको प्रभाव के हो भन्ने विषय प्रमुख हो", शाक्यले भन्नुभयो । दश वर्षदेखि काठमाण्डु बस्दै आउनुभएकी धादिङकी फूलमाया तामाङ पनि कामपाले सुरु गरेको अवैध संरचना भत्काउने र फुटपाथमा सञ्चालन हुँदै आएको पसल हटाउने कार्यलाई राम्रो भन्नुहुन्छ । यसरी संरचना भत्काइरहँदा नगरप्रमुखको नजर गरिखाने वर्गमा मात्रै नपरोस्, कानुन सबैमा बराबर लागू होस्, हुनेखानी र पहुँचवालालाई पनि यसले आभाष दिलाओस् यसमा हाम्रो सहयोग नै रहन्छ ।

फूलमाया र मञ्जलीले जस्तै कामपा वडा नं १७ का यशोधा थापाको भनाइ पनि प्रमुख साहको समर्थन गर्ने पक्षमा नै छ । शिक्षण पेशा गर्दै आउनुभएकी थापाले भन्नुभयो, "नगरपिताले केही सकारात्मक परिवर्तन गर्न खोज्नुभएको छ, त्यसमा हाम्रो साथ रहन्छ ।" कामपाको भित्री क्षेत्रमा कुनै पनि समयमा सहजरूपमा आवतजावत गर्न सकिँदैन, जताततै पसल छ, पसलको कारण कठिन भयो भन्न पाइँदैन उल्टै पसल सञ्चालकले नै गाली गर्छन् उनीहरूसँग डराएर हिँड्नुपर्ने अवस्था छ, प्रमुख साहको कदमले आगामी दिनमा उक्त समस्याबाट मुक्त पाउने विश्वास शिक्षक थापाको छ ।

थापा भन्नुहुन्छ, "यो काम राम्रो छ, यसलाई महानगरको सबै स्थानमा अनुगमन गरी गैरकानुनी संरचना भत्काउने र नागरिक आवतजावतगर्ने बाटोमा सञ्चालन भइरहेका सबै पसल हटाउनुपर्छ ।" थापा र शाक्यको भन्दा फरकमत छ रामेछामको अर्पण केसीको । उहाँले १३ वर्षदेखि असनको



फुटपाथमा सञ्चालित जुत्ता व्यापारबाट छोराछोरीको लालनपालनगर्दै आउनुभएको थियो । पछिल्लो समय कामपाले अवैध संरचनासँगै फुटपाथ पसल हटाउने कामपले धेरैको व्यापार-व्यवसायमात्रै होइन, दैनिक खाने गाँससमेत खोसिएको छ । संरक्षण गर्नुपर्ने निकायले झनै विजोग बनाएर छाडेको उहाँले दुःखेसो पोख्नुभयो ।

चाडवाडको मुखमा महानगरले धेरैको बिजोग बनाएको उहाँको गुनासो छ । "लामो समयदेखि गरिँदै आएको पेशामात्रै खोसिएको छैन, काम गर्ने स्थान पनि खोसिएको छ", केसीले भन्नुभयो, "हटाउँदा पनि विकल्प दिनुपर्थ्यो", उहाँले भन्नुभयो । कामपाले यही भदौ ६ गतेदेखि अवैधरूपमा निर्माण गरिएका र सार्वजनिक जग्गा मिचेर निर्माण गरिएका सम्पूर्ण संरचना भत्काउने काम निरन्तर गरिरहेको छ । कामपाले यसलाई अभियानका रूपमा नै अघि बढाएको भन्दै यो कार्य कसैले रोक्न नसक्ने भन्दै यसलाई निरन्तर अघि बढाउने अडान लिएको छ । कानुनीरूपमा अवैध ठहर भएका सबै संरचना भत्काउने काम निरन्तर गरिनेछ, त्यसका लागि कामपाले नक्साअनुरुप वैध-अवैध यकिन गरिरहेको छ, कामपाका नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले भन्नुभयो ।

"नक्साविपरीतका संरचना, नक्सापास नगरी निर्माण भएका संरचना र सार्वजनिक जग्गा मिचेर बनाएका सबै संरचना भत्काउने काम कामपाको कर्तव्यभित्र पर्छ", उहाँले भन्नुभयो । यो कामलाई अभियानका रूपमा सञ्चालन गरिने र महानगरको ३२ सै वडामा निर्माण भएका यस्ता कुनै पनि संरचना बाँकी राखिने छैन, महानगरप्रमुख साहको सचिवालय सदस्य सुनिल लम्सालले भन्नुभयो । यस सम्बन्धमा कामपाको ३५ दिने सार्वजनिक सूचना जारी गरेको थियो र सम्बन्ध भएका व्यक्ति वा संस्थाले यसको बेवास्ता गरेपछि कामपाले अवैध संरचनामा डोजर चलाउन थालेको हो ।

**कहाँ–कहाँ भत्काइए संरचना ?**

उक्त अभियानअन्तर्गत हालसम्म बानेश्वर कम्प्लेक्स तथा काठमाडौँ मलका अवैध संरचना, आरबी कम्प्लेक्सका करिब १४ वटा साना पसल र बानेश्वरमा रहेको अल्फाबिटामा पनि मापदण्डविपरीत प्रयोग भएका संरचना भत्काइएका छन् । त्यस्तै त्रिपुरेश्वरको वर्ल्ड ट्रेड सेन्टरमा राखिएको विद्युतीय विज्ञापन पनि महानगरप्रमुख साहको निर्देशनमा हटाइसकेको छ । एक साताअघि वनस्थली चोकबाट ढुङ्गेधारा जाने बाटोमा रहेको सात टहरा र तीनवटा भऱ्याङ पनि कामपाले डोजर लगाएर भत्काइसकेको छ ।

त्यसैगरी बालाजु नयाँ बसपार्क आसपास र कोटेश्वरमा गरी एक सय बढी कानुनविपरीत निर्माण भएका संरचना भत्काएको छ । गत आइतबार कोटेश्वर प्रहरीचौकी नजिकैको ५० भन्दा बढी अवैध संरचना भत्काइएको थियो भने सोमबार पनि बसपार्कबाट गोङ्गबुतर्फ २० मिटर अगाडि मित्रनगरमा रहेको ५० भन्दा बढी अवैध संरचना भत्काएको हो । यसरी भत्काइएका संरचनाअन्तर्गत सडकपेटी मिचेर बनाइएका सटर, टहरा, सटर अगाडिका छत र सडक मिचेर बनाइएका भऱ्याङ रहेको कामपाको भनाइ छ । अवैध संरचना हटाउन निरन्तर लागिरहेको कामपाको ध्यान असन र इन्द्रचोकमा अस्तव्यस्तरूपमा सञ्चालन भइरहेका पसलतर्फ गएको छ । यस क्षेत्रका फुटपाथको व्यापार हटाउने कामसँगै अव्यवस्थित हुने गरेको पार्किङ पनि व्यवस्थापन गर्ने काम भइरहेको नगर प्रहरी प्रमुख पाण्डेले बताउनुभयो । अवैध संरचना हटाएसँगै हाल उपत्यकामा भइरहेको पार्किङको समस्या २५ प्रतिशतले समाधान हुनाका साथै ट्राफिक व्यवस्थापनमा सहयोग पुग्ने कामपाले विश्वास लिएको छ । रासस

# प्रभावितले दिएका पूर्व-सङ्केतको ख्याल नगरे क्षति

काठमाण्डु । मानसिक समस्या एक प्रकारको गम्भीर प्रकृतिको सामाजिक समस्या हो भनेर स्वीकार नगरिँदा त्यसले आत्महत्यासम्मको जोखिम बढाइरहेको छ । विज्ञका अनुसार मानिसक समस्या बढ्नुमा प्रथमतः घर, परिवार तथा समाज नै कारक बनेको हुन्छ । तर यसबारे धेरैले बुझेका हुँदैनन् ।

मनोविद्हरू त्यही मनोसामाजिक समस्या बढ्दै गएर मानिस पछि आत्महत्यासम्म पुग्ने बताउँछन् । प्रभावित व्यक्तिले दिने गरेका सङ्केतलाई उनका परिवार, समाज तथा साथीभाइले बेलैमा ध्यान दिनसके धेरै घटना रोक्न सकिने उहाँहरूको भनाइ छ । आत्महत्या रोकथामका सन्दर्भमा गरेको अध्ययनले त्यस्ता व्यक्तिले कोही न कोहीलाई सङ्केत छाडेको हुन्छ । त्यसतर्फ ध्यान पुग्यो भने रोक्न सकिन्छ । तर हाम्रो समाजमा उसले त्यसै भनेको होला, जिस्क्याएको होला भनेर उसका कुरामा ख्याल नगर्ने अवस्था कायमै छ ।

"मानसिक समस्या भएका मान्छेले कोही न कोहीलाई पूर्वसङ्केत दिएको हुन्छ, तर त्यसरी समस्यामा परेका मान्छेको भनाइलाई ख्याल गरिँदैन, अनि गम्भीर दुर्घटना हुनपुग्छ, त्यसतर्फ चेतना जगाउनु जरुरी छ", मनोविमर्शकर्ता सोनु शर्मा भन्नुहुन्छ ।

विश्वमा झैँ नेपालमा पनि बर्सेनि आत्महत्याका घटना बढ्दै गएका छन् । आत्महत्या रोकथामका लागि विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)सँगको सहकार्यमा हरेक वर्ष सेप्टेम्बर १० का दिन शनिबार विश्व आत्महत्या रोकथाम दिवस मनाइने गरिएको छ । सन् २००३ देखि यो दिवस मनाउन थालिएको हो ।

दिवसका सन्दर्भमा 'द स्कुल अफ साइकोलोजी नेपाल'का अध्यक्ष तथा मनोविद् डा नरेन्द्रसिंह ठगुन्ना मानसिक समस्यामा परेका व्यक्तिको विषयमा गम्भीरता देखाउन जरुरी छ भन्नुहुन्छ । उहाँ पछिल्लो समयमा आत्महत्या रोकथाममा बहस सुरु हुनुलाई सकारात्मकरूपमा लिनुहुन्छ । "विगतमा यसबारे चर्चा नै हुँदैनथ्यो, जति चर्चा बढी हुन्छ, विषय उठ्दै जान्छ र रोकथाममा सहयोग पुग्छ, अहिले त्यस्तै बहसको शृङ्खला बढेको छ, आशा गरौँ आगामी दिनमा आत्महत्याका घटना न्यूनीकरण हुँदै जानेछन्", डा ठगुन्नाले भन्नुभयो ।

कानूनमा समेत केही सुधार गर्न जरुरी रहेको उहाँको भनाइ छ । नेपालको कानुनमा मानसिक समस्या भएकालाई कुनै पनि सरकारी पदमा योग्य नहुने भनेर उल्लेख छ । मानसिक समस्या भएका व्यक्ति परीक्षामा सहभागी हुनै नसक्ने तथ्य हुँदाहुँदै त्यो कुरा कानुनमा लेख्न आवश्यक नरहेको उहाँको तर्क छ ।

त्यसरी कानुनमा नै उल्लेख गर्दा मानसिक रोग गम्भीर अपराध पो रहेछ भन्ने मानिसमा भ्रम सिर्जना हुनसक्ने र पछि त्यही कुराले आत्महत्या दुरुत्साहन गर्नसक्ने हुन्छ", उहाँले भन्नुभयो । उहाँले यसको रोकथामको महत्वपूर्ण माध्यम (थ्रिसी) कनेक्ट, कम्युनिकेशन र केयर नै हो भन्नुभयो ।

भक्तपुर बहुमुखी क्याम्पसका उपप्राध्यापक तुलसीराम घेमोसुले आफैँले थाहा पाएका केही घटनाबारे सुनाउनुभयो । उहाँका अनुसार बुवाआमा गुमाएका एक व्यक्ति दाजुभाउजुसँग बस्ने गरेका थिए । झण्डै ३०-४० वर्षका उनको बिहे भएको थिएन । विस्तारै डिप्रेसनमा गए । बिहे नभएकै कारण उनले गम्भीर निर्णय गर्न पुगे ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : धन बृद्धि सञ्चय । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# रक्तदान गर्दै शहीदको सम्झना

**टुडे समाचारदाता**

राजविराज । रक्तदान कार्यक्रमको आयोजना गर्दै जनमत पार्टी निकट युवा जनमत संघ सप्तरीले शहीद राममनोहर यादवप्रति सम्मान र श्रद्धाञ्जली अर्पण गरेको छ।

राजविराजस्थित पार्टी कार्यालयमा शनिबार रक्तदान कार्यक्रमको आयोजना गरी शहीद यादवप्रति सम्मान र श्रद्धाञ्जली अर्पण गरिएको छ।

रक्तको अभावमा कसैको पनि ज्यान नजाओस् भन्ने उद्देश्यले शहीद यादवको पुण्य तिथिको अवसर पारेर उक्त रक्तदान कार्यक्रम आयोजना गरिएको युवा जनमत संघ सप्तरीका अध्यक्ष नरेश अधिकारीले बताए। कार्यक्रममा सहभागिहरुले सो अवसरमा शहीद यादवको योगदान बारे चर्चा गर्दै श्रद्धाञ्जली अर्पण गरे । कार्यक्रममा जनमत पार्टीका यूवा नेता सतिश सिंह, केशव मंडल, मनोज मंडल, ललित कुमार यादव लगायत ३१ जनाले युवाहरुले रक्तदान गरेको युवा जनमत संघ सप्तरीले जनाएको छ।




# सडक जिर्णोद्धारको माग गर्दै चक्काजाम

**टुडे समाचारदाता**

राजविराज । मुख्य बजार क्षेत्रमै रहेको सडक लामो समयदेखी जिर्ण हुँदा पनि सरोकारवाला निकायले जिर्णोद्धारतर्फ चासो नदेखाएको भन्दै आक्रोसित युवाहरुले सदरमुकाम राजविराजमा चक्काजाम गरेका छन्।

मुख्य बजारको सिरहा रोड खण्डमा शहीद दशन चोकदेखी पश्चिम पाँच सय मिटर सडक लामो समयदेखी जिर्ण रहँदा आवागमन जोखिमपूर्ण बन्दै गएको र सम्बन्धीत निकायलाई यस बारे पटक पटक ध्यानाकर्षण गराउँदा पनि वेवास्ता गरिएको भन्दै युवाहरुले राजविराज नगरपालिका र सो सडक निर्माणको ठेक्का पाएका निर्माण कम्पनी बिरुद्ध चर्को नाराबाजी गर्दै बिहान ११ बजेदेखी चक्काजाम गरेका थिए।

ब्यस्त बजारमा बाँस नै तेर्स्याएर आवागमन रोकिएपछि ट्राफिक व्यवस्थापन अस्तव्यस्त बनेको थियो । प्रदर्शनमा सहभागी युवा खेलानन्द दासले सो सडकखण्डको निर्माणको जिम्मा पाएका कान्छाराम कन्स्ट्रक्सनले काममा ढिलाई गरिरहेको र राजविराज नगरपालिकाका जिम्मेवार अधिकारीहरु पनि मौन बसेकाले दाबाब दिन चक्काजाममा उत्रिनु परेको उनीहरुले बताए।




यूवाहरुले चक्काजाम र प्रदर्शन गरिरहदा पुगेका वडा अध्यक्षद्वय शशि चौधरी र सुभाषचन्द यादव पनि सामेल भई समर्थन जनाएका थिए । उनीहरुले पनि ठेक्केदारको लापरवाहीका कारण निर्माण कार्यले गती लिन नपाएको आक्रोस पोख्दै ठेक्का लिने निर्माण कम्पनीमाथी कारवाहीको माग गरे।

यसैबीच राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परविनको उपस्थितिमा प्रदर्शनकारी र ठेकेदार कम्पनीका प्रतिनिधिबीच भएको छलफलमा निर्माण कार्य शनिबारदेखी नै सुरु गर्ने प्रतिबद्धता आएपछि दुई घण्टापश्चात् चक्काजाम फिर्ता लिइएको छ। वडा अध्यक्ष शशि चौधरीका अनुसार ठेकेदार कम्पनीले शनिबारदेखी नै काम सुचारु गर्ने प्रतिबद्धता जनाएपछि सहमति भई प्रदर्शनकारीद्वारा चक्का जाम कार्यक्रम फिर्ता लिइएको छ।

# उद्योग बाणिज्य संघमा चार जना मनोनित




**टुडे समाचारदाता**

राजविराज। उद्योग वाणिज्य संघ सप्तरीले चार जनालाई सदस्य पदमा मनोनयन गर्दै कार्य समिति बिस्तार गरेको छ।
शनिबार मनोनयन गरिएकाहरुमा नारायण रंजन, चन्द्रशेखर साह, अनिल प्रसाद सिंह र महिला सदस्य गिता कोइराला छन्।

उनीहरुलाई शनिबार नै संघको सभाकक्षमा शपत तथा पदस्थापना कार्यक्रमको आयोजना गरी पदभार ग्रहण गराइएको छ । मनोनितमा परेकाहरुलाई अध्यक्ष लालु प्रसाद अग्रवालले पद तथा गोपियनताको सपत दिलाएका छन् । सो अवसरमा अध्यक्ष अग्रवाललले उद्योगी व्यवसायीको पेशागत हकहितको संरक्षणका साथै उपभोक्ताको हितमा समेत सबै मिलेर काम गर्नु पर्नेमा जोड दिए।

कार्यक्रममा उपाध्यक्षद्वय दुर्गानन्द साह, रमेश साह, महासचिव अमृत संचेती, सह-कोषाध्यक्ष निर्मल मुन्धडा, महिला सदस्य अम्बिका दाहालका साथै उद्योगी व्यवसायी र संचारकर्मीको उपस्थिति रहेको थियो।

# प्रहरी महानिरीक्षक सिंह स्वदेश फिर्ता

काठमाण्डु । प्रहरीका महानिरीक्षक धीरजप्रताप सिंह अमेरिकास्थित संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालय न्यूयोर्कमा भएको तेस्रो संयुक्त राष्ट्रसङ्घका प्रहरी प्रमुखको सम्मेलनमा सहभागी भई स्वदेश फर्कनुभएको छ। उहाँलाई शनिबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अतिरिक्त महानिरीक्षक तथा प्रहरी नायब महानिरीक्षकलगायत वरिष्ठ प्रहरी अधिकृतले स्वागत गर्नुभयो।

विमानस्थलमा कुराकानी गर्दै प्रहरी महानिरीक्षक सिंहले उक्त सम्मेलनमा संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनमा प्रहरीको भूमिकालाई अझ सशक्त बनाउन संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा जारी गरिएको साझा एजेण्डा र 'एक्सन फर पिस किपिङ' कार्यान्वयन गर्ने सन्दर्भमा विशेष छलफल भएको बताउनुभयो।

नेपालको तर्फबाट अन्तर्राष्ट्रिय शान्तिसुरक्षा र विकासका निमित्त स्पष्ट प्रतिबद्धता व्यक्त गरिएको उहाँले जानकारी दिनुभयो। सम्मेलनका क्रममा उहाँले अन्य देशका प्रहरी प्रमुखसँग द्विपक्षीय तथा बहुपक्षीय भेटघाटवार्ताका क्रममा युएन मिसनमा नेपाल प्रहरीको सहभागिता र योगदानका सम्बन्धमा नेपाल प्रहरीको योगदानको प्रशंसा गरिएको जानकारी दिनुभयो।रासस

# महाकाली मेची जागरण अभियान सम्पन्न

काठमाण्डु । युवा सङ्घले महाकाली मेची जागरण अभियान सम्पन्न गरेको छ।

मुलुकमा भइरहेका अन्याय, अत्याचार, हिंसा, भ्रष्टाचारका साथै समसामयिक विषयमा जनचेतना फैलाउने उद्देश्यका साथ करिब तीन साता लामो अभियानअन्तर्गत तराईका २२ जिल्लामा आमसभा गरिएको थियो । अभियानमा करिब चार लाख सर्वसाधरणले एक्यबद्धता जनाएको युवा सङ्घका अध्यक्ष नरेश शाहीले जानकारी दिनुभयो।

नेकपा (एकीकृत समाजवादी) का उपाध्यक्ष प्रमेश हमाललगायतले अभियान सम्पन्न गरी फर्केको प्रतिनिधिमण्डललाई एक कार्यक्रमबीच स्वागत गर्नुभयो।




पार्टीको बागमती प्रदेश अध्यक्ष सावित्रा भुसालको सहभागितामा भएको कार्यक्रममा महासचिव डा बेदुराम भुसालले मुलुकमा आसन्न निर्वाचनमा आम नागरिकलाई देशको विकृति, राजनीतिक अवस्थाका साथै शान्तिसुरक्षा, महङ्गी नियन्त्रणलगायत विषयमा सुसूचित गर्न युवाले गरेको अभियानको सराहना गर्नुभयो।रासस

# प्रदेश कानून अधिकृत साहलाई पितृशोक

**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेशकी कानून अधिकृत राजविराज ७ निवासी किरण कुमारी साहलाई पितृशोक परेको छ । उनको ६५ वर्षीय बुबा सुरेशप्रसाद साहको शनिबार बिहान निधन भएको छ।



केही दिनयता पेटको रोगले पीडित भएका उनको भारतस्थित आफ्नै निवासमा निधन भएको छ । समाजसेवीको रुपमा परिचति उनले आफ्नो गृह क्षेत्रमा गरिब, असाहयका सन्तानको पठनपाठनका लागि निजी खर्चमै विद्यालय स्थापना गरी संचालनमा ल्याएका थिए।

शिक्षण पेशाबाट सेवा निवृत भएपछि सामाजिक क्षेत्रमा सक्रिय भएका उनको निधनले गाउँ समाजका साथै आफूहरुले पनि एउटा कुशल अभिभावक गुमाएको परिवारजनले जनाएको छ । स्व. साहको पाँच छोरी र एक छोरा छन्।

# बाढीपहिरो पीडितका लागि राहत कार्यक्रम ल्याउने उद्योगमन्त्रीको प्रतिबद्धता

दार्चुला । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीलेन्द्रप्रसाद बडूले दार्चुलाका बाढीपीडितका लागि तत्काल राहत उद्धार कार्यक्रम ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । आज गृहजिल्ला दार्चुला पुग्नुभएका मन्त्री बडूले गएराति भएको बाढी र पहिरो प्रभावित क्षेत्रको क्षेत्रको आज निरीक्षण गर्दै पहिलो चरणमा राहतको कार्यक्रम ल्याइने जानकारी दिनुभयो।

मन्त्री बडूसहित प्रदेश सरकारका आन्तरिक मामिलामन्त्री डा रणबहादुर रावल, उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री मानबहादुर धामीले महाकाली नगरपालिका वडा नं ४ को बङ्गाबगड क्षेत्रको बाढी क्षेत्रको निरीक्षण गर्नुभएको थियो । उहाँले निरीक्षणका क्रममा अहिलेलाई अस्थायी बसोबास प्रबन्ध गरिने बताउँदै तत्कालै अन्य प्रक्रिया अघि बढाइने बताउनुभयो । केन्द्रीय र प्रदेशमन्त्री सहभागी टोली बाढीपहिरो पीडितका लागि तत्काल आवश्यक पर्ने त्रिपाल, खाद्यान्न र कम्बललगायत राहत सामग्री लिएर दार्चुला पुगेको थियो।

घटनाको स्थलगत निरीक्षणपछि धनगढी पुग्नुभएका प्रदेश सरकारका आन्तरिक मामिलामन्त्री डा रणबहादुर रावलले रासससँग कुरा गर्नुहुँदै शुक्रबार रातिको बाढी र पहिरोले दार्चुलामा ठूलो वितण्डा मच्चाएको जानकारी दिनुभयो । मन्त्री रावलले भन्नुभयो, "प्रदेश सरकारले मृतकका परिवारलाई तत्काल रु एक/एक लाखका दरले राहतस्वरुप उपलब्ध गराउन लागेको छ, राहत र उद्धारको काममा कुनै कसर बाँकी नराख्ने गरी काम भइरहेको छ।

अविरल वर्षापछिको बाढी र पहिरामा परेर पाँच जनाले ज्यान गुमाएका छन् भने १० जना बेपत्ता छन् । बाढीपहिरामा परी आठ जना घाइते भएका छन् । लास्कु खोला र महाकाली नदीमा आएको बाढी र नौगाडमा आएको पहिरामा परी मृत्यु भएकाको उद्धारमा कुनै कसुर बाँकी नराख्नसमेत मन्त्री बडूले निरीक्षणका क्रममा निर्देशन गर्नुभएको छ।

लास्कु खोलामा आएको बाढीले महाकाली नगरपालिका-३ डुङ्रीमा व्यवसाय गर्दै आएका धनसिंह कार्कीको सपरिवार बाढीमा परेको हो । गत वर्षसमेत बाढीले पसलमा क्षति गरेका कार्कीको परिवारलाई यो वर्ष पूरै सखाप गर्‍यो । अहिलेसम्म घटनामा परी धनसिंहकी श्रीमती मानमति कार्कीको शव महाकाली नगरपालिका-५ नजिकै मृतावस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी निरीक्षक जगत गाहामगरले बताउनुभयो।

परिवारका धनसिंह, उहाँका छोराद्वय दीपक र दिनेश अझै बेपत्ता छन् । बाढीपहिरोमा परी महाकाली नगरपालिका-२ का ७७ वर्षीय नन्दराम बोहराको घरभित्रै पुरिएर मृत्यु भएको उहाँले बताउनुभयो । घरपरिवारका अरु भागेर ज्यान जोगाए पनि बोहरा भने घरभित्रै पुरिएका हुन्।

पहिरोमा परी नौगाड गाउँपालिका-१ सल्लाका ३७ वर्षीया जानकी ठगुन्ना १३ वर्षीया धनुली ठगुन्ना र वडा नं २ का ६८ वर्षीय मोहनराम पार्कीको मृत्यु भएको छ। घटनामा परी महाकाली नगरपालिका-३ का धनसिंह कार्की, दीपक कार्की, दिनेश कार्की, वडा नं ४ का सरस्वती लुहार, मोहन लुहार, वडा नं २ का मानमति शाहु, वडा १ का मञ्जु लुहार, दिनेश लुहार, साजन लुहार र दलजीत लुहार बेपत्ता छन् । बेपत्ताको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

यस्तै महाकाली नगरपालिका र नौगाड गाउँपालिकामा बाढी र पहिरोबाट घाइते भएकाको नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिएको छ । नेपाली सेनाको एयर एम्बुलेन्समार्फत पहिरोमा परी गम्भीर घाइते भएकाको जिल्ला अस्पताल दार्चुलामा उद्धार गरिएको हो । सुर्खेतबाट आएको नेपाली सेनाको एयर एम्बुलेन्समार्फत नौगाड गाउँपालिका-१ सल्लाका ४५ वर्षीय वीरेन्द्र ठगुन्ना, ४० वर्षीय जयबहादुर ठगुन्ना, ३५ वर्षीय फागुनी ठगुन्ना, सोही ठाउँका ३० वर्षीया रम्भा देवी ठगुन्ना र ३० वर्षीय देवसिंह ठगुन्नालाई उद्धार जिल्ला अस्पताल दार्चुला ल्याइएको प्रहरी निरीक्षक जगत गाहामगरले जानकारी दिनुभयो।

यस्तै महाकाली नगरपालिका-२ का हरकसिंह बाहु, वडा नं ४ का अभिषेक कामी र गीता कामीको उद्धार गरिएको छ। घाइते आठै जनाको जिल्ला अस्पताल दार्चुलामा उपचार भइरहेको छ। नेपाली सेनाकै हेलिकप्टरले दुवै स्थानीय तहका बाढी र पहिरो प्रभावितका लागि राहत सामग्रीसमेत ढुवानी गरिएको छ । उनीहरुलाई स्थानीय तह र नेपाल रेडक्रस सोसाइटीसँगको समन्वयमा राहत वितरण गरिएको हो । प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले महाकाली नगरभित्र सबै सुरक्षाकर्मी परिचालन गरेर तत्काले राहत उद्धारको कार्य भइरहेको बताउनुभयो।

*घटनाको स्थलगत निरीक्षणपछि धनगढी पुग्नुभएका प्रदेश सरकारका आन्तरिक मामिलामन्त्री डा रणबहादुर रावलले रासससँग कुरा गर्नुहुँदै शुक्रबार रातिको बाढी र पहिरोले दार्चुलामा ठूलो वितण्डा मच्चाएको जानकारी दिनुभयो। मन्त्री रावलले भन्नुभयो, "प्रदेश सरकारले मृतकका परिवारलाई तत्काल रु एक/एक लाखका दरले राहतस्वरुप उपलब्ध गराउन लागेको छ, राहत र उद्धारको काममा कुनै कसर बाँकी नराख्ने गरी काम भइरहेको छ। अविरल वर्षापछिको बाढी र पहिरामा परेर पाँच जनाले ज्यान गुमाएका छन् भने १० जना बेपत्ता छन्। बाढीपहिरामा परी आठ जना घाइते भएका छन्। लास्कु खोला र महाकाली नदीमा आएको बाढी र नौगाडमा आएको पहिरामा परी मृत्यु भएकाको उद्धारमा कुनै कसुर बाँकी नराख्नसमेत मन्त्री बडूले निरीक्षणका क्रममा निर्देशन गर्नुभएको छ।*

**एक सय परिवार प्रभावित**

बाढी र पहिरोले दार्चुलाका दुई स्थानीय तहका झण्डै एक सय परिवार प्रभावित भएका छन् । जिल्ला प्रहरी कार्यालय दार्चुलाका अनुसार बाढीपहिरोमा परी ४२ घर पूर्ण क्षति, नौ घर आंशिक क्षति र ४० घर जोखिममा रहेका छन्। प्रहरी परिचालन गरी सङ्कलन गरिएको तथ्याङ्कअनुसार महाकाली नगरपालिकामा धेरै क्षति पुगेको छ। नगरपालिकाको वडा नं १, २, ३ र ४ का बङ्गाबगडसम्मका घर क्षति पुर्‍याएको हो। नौगाड गाउँपालिकाको वडा नं १ मा पहिराले क्षति पुर्‍याएको छ।

राति ११ बजेदेखि खोलामा पानी बढेको थियो, स्थानीय मङ्गलसिंह ठगुन्नाले भन्नुभयो, "विस्तारै १ बजेदेखि कटान सुरु गरेको हो । उहाँले लास्कु खोलामा बाढी आएपछि नदीको दायाँबायाँका बस्ती बगाउन थालेको बताउनुभयो । लास्कु खोला बढेसँगै महाकाली नदीमा समेत पानीको बहाव उच्च हुन पुगेको जनाइएको। महाकाली नदी थुनिने अवस्था आएपछि महाकाली नदी नियन्त्रण आयोजनाले निर्माण गरेको तटबन्धमाथि महाकाली पसेको जनाइएको छ । सोही नदीले बङ्गाबगडका बस्ती बगाउन थालेको ठगुन्नाको भनाइ छ।

**दुहुँ–खलङ्गा सम्बन्धविच्छेद**

महाकाली नदी र लास्कु खोलामा आएको बाढीले खलङ्गा हुँदै दुहुँ व्यास जोड्ने सडक अवरुद्ध बनेको छ। दार्चुला-तिङ्कर सडकअन्तर्गत रिङ्गलतालदेखि कलौनभिरसम्म सडक अवरुद्ध भएको हो । दुहुँ गाउँपालिका र महाकाली नगरपालिका जोड्ने यो सडक बगाएपछि यो क्षेत्रमा आवतजावतमा समस्या भएको छ। महाकाली तटबन्ध हुँदै निर्माण गरिएको दार्चुला तिङ्कर सडक पूर्णरुपमा क्षति भएको छ।

लास्कु खोलामा निर्माण गरिएको मोटरेवल पुल र झोलुङ्गे पुल बगाएको छ । पुल नहुँदा वारपार गर्न सकिने अवस्था छैन। महाकाली नगरपालिका-४ बङ्गाबगड हुँदै वडा नं १ छापरी जाने पुल बगाएको छ। बाढी, पहिरोमा दुई वटा विद्यालय भत्किएको छ । महाकाली नगरपालिकाभित्रका भुवनेश्वरी आधारभूत विद्यालय पण्डोरा र दशरथनगर आधारभूत विद्यालय बङ्गाबगडको विद्यालय भवन क्षति पुर्‍याएको छ । यस्तै डुङ्गरीस्थित दार्चुला बहुमुखी क्याम्पसको आवास गृह जोखिममा रहेको प्रहरीले जनाएको छ।

दार्चुला तिङ्कर सडकमा राति पार्किङ गरी राखिएका जीप महाकालीले बगाएको छ। जसमा छ वटा बोलेर जीप, एक ट्र्याक्टर, ग्वालेक निर्माण सेवाको क्रसर मेसिन एक र जेसेभी एक बगाएको छ। दुवै स्थानीय तहका गरी दुई सय ६३ वटा पशु चौपाया मरेका छन्।रासस

# अध्यक्ष बस्नेतको घर हतियारधारी समूहद्वारा तोडफोड

भक्तपुर । नेकपा (एकीकृत समाजवादी) भक्तपुर जिल्ला अध्यक्ष श्यामसुन्दर बस्नेतको मध्यपुरथिमि नगरपालिका-३ गट्ठाघर नागरिक अस्पताल पछाडि रहेको घरमा हतियारधारी समूहले प्रवेश गरी तोडफोड गर्नुका साथै अपहरणको प्रयास गरेका छन् । शनिबार करिब ३ बजे हतियारधारी समूहले समाजवादीका अध्यक्ष बस्नेतको घरमा चार/पाँच जना व्यक्ति प्रवेश गरी ढोका तोडफोड गरेको, एक थान मोवाइल र जुत्ता लगेको पाइएको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक राजु पाण्डेले बताउनुभयो।

उहाँले भन्नुभयो, "घटना फरक प्रकृतिको रहेकाले छ, यसलाई हामीले गम्भीर रुपमा अनुसन्धान अगाडि बढाइएको छ। घटनाबारे परिसरका प्रहरी उपरीक्षकसहित अनुसन्धान टोलीले निरीक्षण गरेको छ।' उहाँले प्रहरी वृत्त थिमिका प्रमुख एवं प्रहरी नायब उपरीक्षक हरिनन्दन चौधरीसहितको टोली दिनभर घटनास्थलमा रहेर विभिन्न कोणबाट अनुसन्धान अगाडि बढाइएको बताउनुभयो । हतियारधारी समूह समाजवादीका अध्यक्ष बस्नेतलाई अपहरण गर्ने प्रयास स्वरुप आएको तर उहाँलाई नभेटेपछि तोडफोड गरेर फर्किएको हुनसक्ने प्रहरीको अनुमान छ।

सो घटनाबारे जानकारी दिँदै अध्यक्ष बस्नेतले भन्नुभयो, "म हिजै मात्र पोखरा गएको थिए, राति पेस्तोलसहित आएको टोलीले मेरो घरको ढोका तोडफोड गरी म सुत्ने कोठामा प्रवेश गरेर मेरो श्रीमतीको कन्चटमा पेस्तोल राखेर दुई झापड हानेर मेरो खोजी गरेका छन् । मेरो जेठो छोरा आएपछि उसलाई समाउन खोज्दा आएका मध्येबाट एक जनाले त्यो होइन छाडिदे भने पछि छोरालाई पनि दुई झापड हानेर गएको र मेरो अपहरण गर्ने उद्देश्यले आएको आशंका मैले गरेको छु।' अपराधी समूहले घर कम्पाउण्डको गेट फुटाएरभित्र पसेको, त्यसपछि घरको मुख्य ढोका फुटाएर चेन गेटसमेत फुटाएर कोठामा छिरेको पाइएको उहाँले बताउनुभयो । घटनाबारे जानकारी दिँदै अध्यक्ष बस्नेतकी श्रीमति उषा कार्कीले अपराधी समूह घरमा प्रवेश गरेपछि तेस्रो तलाको बस्नेत सुत्ने कोठामा पुगेको बताउनुभयो।

*उहाँले भन्नुभयो, घटना फरक प्रकृतिको रहेकाले छ, यसलाई हामीले गम्भीर रुपमा अनुसन्धान अगाडि बढाइएको छ। घटनाबारे परिसरका प्रहरी उपरीक्षकसहित अनुसन्धान टोलीले निरीक्षण गरेको छ।' उहाँले प्रहरी वृत्त थिमिका प्रमुख एवं प्रहरी नायब उपरीक्षक हरिनन्दन चौधरीसहितको टोली दिनभर घटनास्थलमा रहेर विभिन्न कोणबाट अनुसन्धान अगाडि बढाइएको बताउनुभयो।*

उहाँले भन्नुभयो, "करिब आठ जनाको समूह आएका थिए तर घरभित्र भने तीन जनामात्रै आएका थिए, कान्छो छोरा आडम मसँगै थियो, एक जनाले हातमा पेस्तोल लिएको थियो, त्यसले सिधैं हामी सुत्ने कोठामा आएर मेरो पेस्तोल कन्चटमा राखेर डर, त्रास र धम्की दियो, अरुले अन्य कोठामा खोजी गरे।

तर उहाँलाई देखेनन्, मेरो जेठो छोरा आदेशसँगैको कोठामा सुतेको थियो, ऊ उठेर आएपछि एक जनाले उसलाई समाउन खोज्यो, अर्कोले त्यो होइन छाडिदे भने पछि गालामा हान्यो र ढोका तोडफोड गरेर फर्किए।

मुखमा नकाबसमेत नलगाएका र कालो लुगा लगाएका मोटा तीन जना कोठामा प्रवेश गर्दै अध्यक्ष बस्नेतको अपहरण गर्ने उदेश्यले आएको र नदेखेपछि फर्किएको हुनसक्ने आशंका उहाँले व्यक्त गर्नुभयो । उनीहरूले बस्नेतको घरबाट छोराले गेम खेल्ने एक थान सानो मोवाइल, एक जोर जुत्ता र किचेनबाट दुईवटा थाल मात्रै लगेको जानकारी दिँदै कार्कीले चोरी गर्ने उद्देश्यले नआएको तर ध्यान अन्यत्र मोड्न चोरेको जस्तो पनि गरेको हुन सक्ने बताउनुभयो।

घटनास्थलमा रहनुभएका प्रहरी वृत्त थिमिका प्रहरी नायब उपरीक्षक चौधरीले घटना अपराधिक मानसिकताबाट भएको हो कि वा राजनीतिक के हो भन्ने अनुसन्धान भइरहेको बताउँदै बस्नेत परिवारले दिएको बयानका आधारमा अनुसन्धान अगाडि बढाइएको बताउनुभयो।

घटनास्थलमा अपराध अनुसन्धान महाशाखाको विशेष टोलीसमेत आएर अनुसन्धान अगाडि बढाएको चौधरीले बताउनुभयो । अध्यक्ष बस्नेतले आफू र आफ्नो घर तथा टोलको कडा सुरक्षाको व्यवस्था गर्न माग गर्नुभएको छ।रासस

जनकपुर टुडे






अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कांग्रेसमा सुधारको खाँचो

नेपाली कांग्रेसमा सुधारको खाँचो देखिएको छ। विगत केही दिन यता देखि पार्टी परित्याग गर्नेमा नेपाली कांग्रेसका नेता कार्यकर्ताहरु बढी देखिएको छ । कुनै पनि पार्टी प्रवेश कार्यक्रमम कांग्रेसका नेता कार्यकर्ताहरु बढी देखिने गरिएको छ । पार्टी भित्रको चरम गुटवन्दी र हैकमवादी प्रवृतिले नेता कार्यकर्ता रुष्ठ हुँदै अन्य पार्टीमा जाने क्रम भने नरोकिए विपीले देखेका सपना सकार नहुने भएको छ । विपीले दिएको समाजवादको सिद्धान्त अहिलेको परिवेशमा कांग्रेसका नेता कार्यकर्ताहरुले भाषणमै अवलम्बन गरेको देखिएपनि कांग्रेस चरम गुटवन्दीको सिकार भई रहेको छ । कांग्रेसमा गुटवन्दीको अन्त नभए निकट भविष्यमै पतन हुने निश्चित छ । केही दिन पहिला मात्रै धनुषा क्षेत्र नम्वर ३ का प्रभावशाली नेताहरु एमाले छिरेका थिए भने अहिले आएर फेरी जाने देखिएको छ तर रोक्न कसैले चाहेका छैनन् । सरकारको नेतृत्व गरी रहेका पार्टीका कार्यकर्ताहरु यसरी निराश भएर अन्य पार्टी तिर लाग्नु भनेको नेता कार्यकर्ताहरुको उपहास गरिएको स्पष्ट छ । धनुषामा मात्रै चारवटा गुट छ भने मुलुक भर करिव करिव तीनवटा गुटमा कांग्रेस विभाजन भएको देखिन्छ। कांग्रेसको नीतिले जनता कांग्रेसलाई चाहेको छ तर, केही अवसरवादीहरुको हालीमोहालीले कांग्रेसमा विद्रोह दिनप्रतिदिन बढ्दै गएको छ । सामाजवादको सिद्धान्त कांग्रेसले शुरु देखिनै स्वीकारे पनि अहिले आएर कांग्रेसमा पूँजीवादीहरुको वर्चस्व वढ्दै गएको छ। कांग्रेसका संस्थापकहरुले पूँजीवादलाई कहिल्लै समर्थन गरेन तर अहिले पूँजीवादी सामाजवादीमाथि हावी हुँदै गएको देखिन्छ जसको ज्वलन्त उदाहर केही दिन पहिला देहावसान भएका समाजवादी नेता प्रदीप गिरिको अन्तिम समयलाई लिन सकिन्छ । उनी समाजवादी थिए, समाजचिन्तक थिए तर, उनको अन्तिम समय भने पूँजीवादीहरुको दवावमा वितेका थिए । कांग्रेसमा सुधारको खाँचो यसैकारणले देखिएको छ । कांग्रेस स्थापित हुने हो नेता र कार्यकर्तावाट तर, अहिले भई रहेको गुटवन्दी न त्यागे अन्य दल हावीहुने निश्चित देखिन्छ। त्यसैले कांग्रेसमा सुधारको खाचो देखिएको छ।

# दलहरु किन निर्वाचनमा गठबन्धन खोज्छन् ?



प्रभाषचन्द्र झा
(वरिष्ठ पत्रकार)

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा विधिवत रुपमा प्रवेश गरेपछि जनता बढी उत्साहित देखिन्थे। उत्साहित हुनुको मुख्य कारकमध्ये अव, राजाले व्यवस्था परिवर्तन वा राज्य सत्ता कब्जा गर्छ भन्ने भयको अन्त्य, जनता सार्वभौमसत्ता सम्पन्न र मुलुकमा सरकारले स्थायित्व पाउने छन् । सङ्घीय प्रदेश सरकारको माध्यमबाट राष्ट्रको मूलधारबाट बञ्चित वर्ग र समुदायको उत्थान हुने र विकासले तीव्रता लिनेछ भन्ने जनता विश्वस्त थिए ।

विगतमा भएका गल्ति पुनः दोहरिन नदिने भनेर दलहरुका नेतृत्व पक्तिले जनसमक्ष वाचा पनि गरेका थिए । सत्ता र स्वार्थको खेलमा नेताहरु त्यहिँ पुरानो चरित्रलाई दोहराएपछि जनतामा नैराश्यता उत्पन्न भएको हो । जनताको व्यवस्थाप्रति नभई नेताहरुका क्रियाकलापप्रति आक्रोसित छन् । सोही आक्रोसको उपजको रुपमा स्वतन्त्र रुपमा निर्वाचित काठमाडौंका मेयर बालेन शाहलाई लिनु पर्छ । काठमाडौंका जनताहरुले दलप्रति अहिलेपनि आक्रोसित देखिन्छ।

जनताले बडो उत्साहका साथ २०७४को प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा मतदान गरेका थिए । जनताको अभिमतको सम्मान गर्नुपर्ने थियो । जनताको पहिलो चाहना थियो, स्थायी सरकार । केपि ओलीले झण्डै दुई तिहाईको समर्थन पाएर प्रधानमन्त्री पदमा विराजमान हुनुभयो । उहाँले स्वयं गर्नुभएका घोषणालाई मूर्तरुप दिन सक्नु भएन । यसका साथै, दलभित्र शक्ति सङ्घर्षले आफ्ना नेतृत्वको सरकार र पार्टीको विभाजनलाई रोक्नमा पनि असफल रहनु भयो । उहाँले दुईपटक संसद् विघटन गरेपनि सर्वोच्चको हस्तक्षेपपछि संसद्को पाँच बर्षको कार्यकाल पुरा हुन लागेको छ।

मुलुकमा २०७९ सालको मङसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुन गइरहेको छ । २०७४को निर्वाचनजस्तै दलहरु गठबन्धनको बलमा चुनाव होमिन लागेको छ । मुलुकमा विगत तीन दसकदेखि शासनमा बसेका दलहरुले एक्लै चुनाव लड्ने आँट जुटाउन नसक्ने देखिएपछि विगतजस्तै सत्ता सङ्घर्षमा परिणत त हुने होइन् भने संशय हुनु स्वभाविक हो ।

पाँच बर्षको अवधिमा कतिपय नेताका क्रियाकलाप देखेर मतदाता ‘हाम्रोभन्दा राम्रो मान्छे’ लाई जिताउने आवाज उठाउन थालेका छन् । ०७४को निर्वाचनमा ‘एक बाम एक ठाम’को आकर्षित नाराको प्रभाव परेको थियो । अव, बामपन्थी मतदाताहरुको पनि मोहभङ्ग भइसकेको अवस्था छ । त्यसो नभएको भए, काठमाडौं महानगरपालिकाको मेयर पदमा केशव स्थापित तेस्रो स्थानमा पुग्ने थिएन् । अव, दलहरुलाई सचेत हुनुपर्छ । आउँदो निर्वाचनमा स्वच्छ छविका व्यक्तिलाई उम्मेद्वार बनाउनुपर्छ । बालेनको कदमले दलहरुमाथि अप्रत्यक्ष रुपमा दवाव सिर्जना गरेको देखिन्छ । सुयोग्य एवम् कर्मठ व्यक्तिलाई उम्मेद्वार बनाइएन भने मतदाताहरु दलभन्दा माथि उठेर मतदान गर्ने वातावरण बन्ने प्रवल सम्भावना छ ।

०७४ सालमा काँग्रेस एक्लै निर्वाचनमा होमिएको थियो भने एमालेले माओवादी केन्द्रसँग मिलेर चुनावमा उत्रेको थियो । समयको खेलमा राजनीतिले कोल्टो फेर्‍यो । उतिखेर, काँग्रेस एक्लै थियो भने अहिले एमाले एक्लै चुनावी प्रतिस्पर्धामा उत्रने देखिएको छ । हुन त अहिले भविष्यवाणी गर्नु उचित नभएपनि सत्तारुढ दलहरुबीच सिट सङ्ख्यामा तालमेल भयो भने एमाले एक्लै पर्ने हो ।

यदि, सत्तारुढ दलहरु मिलेर निर्वाचनमा सहभागी भयो भने वर्तमान प्रधानमन्त्री देउवाका साथै चारजना पूर्वप्रधानमन्त्रीहरु प्रचण्ड, झलनाथ खनाल, माधवकुमार नेपाल र डा. बावुराम भट्टराई एक ठाउँमा छन् ।

यी पाँच जनाको समूह आफूलाई पाण्डव ठानेर ओलीलाई भिष्म पितामहजस्तै मर्माहत पार्न खोजेको प्रतीत हुन्छ । त्यो त द्वापर युगको महाभारतकालीन घटनासँग सम्बन्ध राख्छ । युग फेरिएको छ । अहिले कलियुगी युगमा कलाको अह्म भूमिका हुन्छ । राजनीतिक कलामा सिपालु ‘एक्लै ओली पाँचको बोली’ बन्द त गर्न होइन् । राजनीतिमा भीडलाई आफूतिर तान्ने सामर्थ्य जुन व्यक्तिमा हुन्छ। त्यो व्यक्ति शासनसत्तामा आधिपत्य कायम गर्छ । राजनीतिको यो नीति प्राचीनकालदेखि चल्दै आएको छ।

केपि ओलीको पार्टीमाथि बलियो पकडले गर्दा उहाँको निर्णय सवैका लागि मान्य नै देखिएको छ । देउवा पार्टी सभापति भएपनि पार्टीभित्रको गुटको प्रभावमा पर्नु हुन्छ । पाँच दलीय गठबन्धनले एक महिनादेखि छलफल गरिरहेको भएपनि सिट बाँडफाँडको टुङ्गो लगाउन नसक्नुले पुष्टि गर्छ । अहिले सिट सङ्ख्यामा तालमेल भएपनि उम्मेद्वारको मनोनयनसम्म कायम रहने छ भन्ने विषयमा अहिले अड्कल नगर्नु नै उचित हुन्छ।

बामपन्थी मतदाता बढी पार्टीप्रति समर्पित रहन्छ। नेपाली काँग्रेसका अधिकांस मतदाता स्वतन्त्र विचारको हुन्छ । स्यालको मुखियाले ह्वाऽ ह्वाऽ गर्दै कराउन शुरु गर्नासाथ सवै स्याल ह्वाऽ ह्वाऽ गर्छन् । स्यालजस्तै काँग्रेसका नेताकै स्वरमा स्वर काँग्रेस कार्यकर्ताले मिलाउने छ भने विश्वास नगरे हुन्छ । काँग्रेसको तटस्थ मतलाई आकर्षित पार्नका लागि गठबन्धन दलले उम्मेद्वारको चयन गर्दा सवैलाई समेटेर अगाडि बढ्ने खालको व्यक्तिको चयन गर्नुपर्छ।

भनिन्छ, राजनीति बडो निर्दयी हुन्छ । सत्ताको लागि मित्रसँग सम्बन्धविच्छेदमा अलिकतिपनि ढिलाई गर्दैन् । सत्ता पाउनका लागि नेताहरुबीच स्वार्थमा स्वार्थको मिलन हुनासाथ शत्रु ‘मित्र’ हुने र मित्र ‘शत्रु’ हुने गरेको अनेकौं उदाहरण छन् । एकताका प्रचण्ड, झलनाथ खनाल र माधवकुमार नेपाल र ओलीबीच राजनीतिक मित्रता थियो भने अहिले प्रचण्डसहित तीनजना देउवाको राजनीतिक मित्र बनेका छन् । प्रचण्डले खोजेअनुरुप सिटको तालमेल नभए उहाँले खेमा परिवर्तन गर्न अलिकतिपनि हिचकिचाउदैन् । २०६५देखि २०७८ सम्मको उहाँको राजनीतिक खेलले नै पुष्टि गर्दछ।

### प्रचण्ड राजनीतिको मियो

२०६४ सालको पहिलो संविधानसभाको निर्वाचनपछि प्रचण्ड मुलुकको प्रधानमन्त्री बन्नुभयो । तत्कालीन प्रधानसेनापति रुक्माङ्गद कटुवाललाई हटाएका घटनाको विवादमा परेपछि उहाँले आवेशमा आएर राजीनामा गर्नुभयो। उतिखेर, संसदीय राजनीति कसरी खेलिन्छ भन्ने सिक्ने प्रयास गर्दैछु भनेर प्रतिक्रिया दिनु भएको थियो। २०६३देखि हालसम्म करिव १६ बर्षको अवधिलाई दृष्टिगत गर्दा उहाँले संसदीय राजनीतिको खेलको दौंडमा सवैलाई उछिन्नेको भान हुन्छ। ०६३देखि ०७८सम्म गठित १४ वटा सरकारमध्ये १० वटामध्ये तीनवटामा सरकार माओवादीको नेतृत्वमा बनेको छ भने अन्य सातवटा सरकारको मन्त्रिमण्डलमा माओवादीको सहभागिता छ। ०६८को खिलराज रेग्मीको नेतृत्वको सरकारमा कुनै दलको सरकारमा प्रत्यक्षमा आवद्धता थिएन्। ०६५मा माधवकुमार नेपाल, ०७०मा सुशील कोइरालाको सरकार र ०७८मा केपि ओलीको दुई महिनेको सरकारमा माओवादी सरकारमा सम्मिलित थिएन् । गिरिजाबावुपछि प्रचण्डले आफ्नै वरिपरी सत्ताको राजनीतिलाई घुमाइरहेको देखिन्छ।

मेरो नजरमा प्रचण्ड समयको पारखी र सुझबुझ भएका नेता हुन् । माओवादीको कार्यकर्ता देशभर छन् । तर, राम्रो पकड भएका संसदीय क्षेत्रका सङ्ख्या धेरै कम छन् । एक्लै निर्वाचनमा उत्र्दा खोजेअनुरुप सफलता पनि नपाउने र पार्टीको वजन पनि तौलिने भएकाले प्रचण्डले काँग्रेससँग सिटको तालमेल गर्न खोजेको हो। यी पाँच दलमध्ये तराईमा जनता समाजवादी पार्टी केही स्थानमा मात्र आफ्ना बलबूतामा जित्ने क्षमता देखिन्छ। त्यो तव सम्भव हुन्छ जव उम्मेद्वारको जातीय बर्चस्वका साथै आर्थिक रुपमा सवल भएको व्यक्ति हुनुपर्छ। हुन त तराईमा प्रायः सवै दलले उम्मेद्वार छनोट गर्दा सोही किसिमका मापदण्ड अपनाएको देखिन्छ । भनिन्छ, मधेशमा पार्टीको छापभन्दा जातीय छापले नै उम्मेद्वारको जितहारमा निर्णायक भूमिका खेल्छ।

### दलहरू किन गठबन्धनको पक्षमा

पहिलो त मुख्य दलहरुले बहुमत पाउने विश्वास गुमाइसकेका छन् । अर्को तर्फ अधिकांस शीर्ष नेताहरुमा आफ्नो जितलाई सुनिश्चित गराउनका लागि सिट तालमेल बढी जोड दिएको देखिन्छ । उहाँहरुमध्ये कतिपय नेतालाई पार्टीकै वलमा चुनावमा जित्छु भने संशय छ। अर्कोतर्फ निर्वाचनपछि संयुक्त सरकारनै गठन गर्नुपर्ने अवस्था निमत्ने छ भने निर्वाचनअघि नै आपसी सहमति गरी निर्वाचनमा सहभागी हुँदा समर्थित दलको समर्थनमा जित पनि सुनिश्चित हुने र सरकार गठनमा सहज हुने भएकाले सो नीति अपनाइएको हुनसक्छ।

मधेशमा काँग्रेसको राम्रो पकड थियो भने पहाड र तराईको पूर्वी क्षेत्रमा एमालेको पकड थियो । माओवादी र मधेशकेन्द्रीत दलको लहरमा शुरु भएपछि काँग्रेस र एमालेका थुप्रै नेता काँग्रेस छोडेर मधेशकेन्द्रीत दल र माओवादीमा प्रवेश गरेवा छुट्टै पार्टीको स्थापना गरेका थिए। समय परिवर्तन भएको छ । मधेश र पहाडमा पनि कसैको एकछत्र पकड छ, जस्तो देखिँदैन्। सो कारणले निर्वाचनअघि नै तालमेल गरेर निर्वाचनमा सहभागी हुने विषयलाई पहिलो प्राथमिकतामा राखेको देखिन्छ।

बहुमतको सरकार बनाउनमा संविधानपनि कतै न कतै बाधक देखिन्छ । प्रत्यक्षतर्फ बहुमत ल्याएपनि समानुपातिकमा खसेको मतको प्रतिशतको आधारमा वितरण गर्दा कम भाग पर्‍यो भने बहुमत पुग्ने सम्भावना रहदैन्।

प्रत्यक्ष प्रणालीको ६० प्रतिशत अर्थात १६५ र समानुपातिकमा ४० अर्थात ११० गरी २७५ साँसदमध्ये एकल सरकार बनाउनका लागि १३८ साँसद चाहिन्छ । मानौं प्रत्यक्षतर्फ ५० प्रतिशत अर्थात ८३ सिटमा जितेपछि बहुमतको सरकार बनाउनका लागि समानुपातिकतर्फ पनि ५० प्रतिशत मत पाएपछि मात्र बहुमतको सरकार बन्ने हो । प्रत्यक्ष प्रणालीमा एक मत बढी पाउँदा जितिन्छ भने समानुपातिक प्रणालीमा पाएको मतको प्रतिशतको आधारमा मान्यताप्राप्त दलहरुबीच वितरण गर्दा ५५ सिट पाउनु भनेको फलामको चिउँरा चपाउनेसरह नै हो।

२०६४को निर्वाचनमा माओवादीले प्रत्यक्षतर्फ ५० प्रतिशत सिटमा जितेको भएपनि समानुपातिक प्रणालीकै कारण एकल सरकार बनाउन सकेन् । प्रचण्डलाई सरकार गठन गर्नका लागि मधेशवादी दलहरुसँग हातेमालो गर्नुपरेको थियो।

अव, पार्टीगत आधारमा सिद्धान्त र विचार फरक दलहरुबीच एकापसमा सिट बाँडफाँड गरी निर्वाचनमा सहभागी हुने तरखरमा छन्। केपि ओली र प्रचण्ड मिलेर बनेको बामपन्थी सरकारले आफ्ना कार्यकाल पुरागर्न सकेन् । एकापसमा लड्दै रह्यो । निर्वाचनपछि सत्ता गठबन्धनका दलले बहुमत ल्याएर सरकार बनाएपनि सो सरकारको टिक्ने आधार के के हुन् ? यस विषयमा सम्बन्धित दलहरुलाई प्रष्ट पार्दा उचित हुने थियो। सत्ताको खेलमा एमालेमात्रै विभाजन भएन कि जनता समाजवादी पार्टीपनि विभाजित भयो।

मिलेर चुनाव लड्ने अनि स्वार्थको कारण गठबन्धन तोड्दै प्रवृति भारतमा पनि देखिएको छ । केही दिन अघि विहार राज्यका मुख्यमन्त्री नीतीश कुमारले भारतीय जनता पार्टीको समर्थन छोडेर राष्ट्रिय जनता दलसँग तालमेल गरी पुनः मुख्यमन्त्री बनेका छन् । त्यहाँ भाजपा र नीतीशको पार्टी जेडियु तालमेल गरेर चुनाव लडेको थियो। अढाइ बर्षअघि, महाराष्ट्रमा भाजपा र शिवसेना मिलेर चुनाव लडेको थियो । शिवसेनाले उदय ठाकरेलाई मुख्यमन्त्री बनाउनका लागि दवाव दिन थाल्यो। ठूलो दल भएकाले भाजपा सहमत भएन्। अन्तोगत्वा, शिवसेनाले भाजपासँगको पुरानो सम्बन्धलाई लत्याएर काँग्रेस र राष्ट्रिय महाराष्ट्र काँग्रेससँग मिलेर सरकार गठन गर्‍यो।

महाराष्ट्र र विहारमा तालमेल नटिक्नुको कारण एउटै थियो । भाजपा ठूलो पार्टी भएपनि एकल बहुमतबाट धेरै टाढा थियो। केपि ओली धेरै टाढा थिएन । तर, पार्टीलाई एक ढिक्का राख्न सक्नु भएन्। भनाईको मतलव नेतृत्वकर्ता दलले कमसेकम बहुमतनजिक पुग्ने गरी जित हात पार्न सकेन् भने सो दलको सरकारको कार्यकाल पूर्ण हुने सम्भावना क्षिण हुन्छ। त्यस्ता, सरकार निश्चित रुपमा ढल्ने गरेको देखिएको छ।

कतै, आउँदो सरकारको पनि दुई बर्षपछि केपि ओलीकै सरकारजस्तै नियति भोग्ने हो भने मतदाताको अभिमतको उपहास भएको ठहरिन्छ । अव, यस्ता सत्ताको खेलबाट दलहरु जोगिनु पर्छ। ‘इतिश्री’

> **पाँच बर्षको अवधिमा कतिपय नेताका क्रियाकलाप देखेर मतदाता ‘ हाम्रोभन्दा राम्रो मान्छे’ लाई जिताउने आवाज उठाउन थालेका छन् । ०७४को निर्वाचनमा ‘एक बाम एक ठाम’को आकर्षित नाराको प्रभाव परेको थियो । अव, बामपन्थी मतदाताहरुको पनि मोहभङ्ग भइसकेको अवस्था छ । त्यसो नभए, काठमाडौं महानगरपालिकाको मेयर पदमा केशव स्थापित तेस्रो स्थानमा पुग्ने थिएन् । अव, दलहरुलाई सचेत हुनुपर्छ । आउँदो निर्वाचनमा स्वच्छ छविका व्यक्तिलाई उम्मेद्वार बनाउनुपर्छ । बालेनको कदमले दलहरुमाथि अप्रत्यक्ष रुपमा दवाव सिर्जना गरेको देखिन्छ । सुयोग्य एवम् कर्मठ व्यक्तिलाई उम्मेद्वार बनाइएन भने मतदाताहरु दलभन्दा माथि उठेर मतदान गर्ने वातावरण बन्ने प्रवल सम्भावना छ ।**

# प्रभावितले दिएका पूर्व-सङ्केतको ख्याल नगरे क्षति

– नारायण ढुङ्गाना

मानसिक समस्या एक प्रकारको गम्भीर प्रकृतिको सामाजिक समस्या हो भनेर स्वीकार नगरिँदा त्यसले आत्महत्यासम्मको जोखिम बढाइरहेको छ । विज्ञका अनुसार मानसिक समस्या बढ्नुमा प्रथमतः घर, परिवार तथा समाज नै कारक बनेको हुन्छ । तर यसबारे धेरैले बुझेका हुँदैनन् ।

मनोविद्हरू त्यही मनोसामाजिक समस्या बढ्दै गएर मानिस पछि आत्महत्यासम्म पुग्ने बताउँछन् । प्रभावित व्यक्तिले दिने गरेका सङ्केतलाई उनका परिवार, समाज तथा साथीभाइले बेलैमा ध्यान दिनसके धेरै घटना रोक्न सकिने उहाँहरूको भनाइ छ । आत्महत्या रोकथामका सन्दर्भमा गरेको अध्ययनले त्यस्ता व्यक्तिले कोही न कोहीलाई सङ्केत छाडेको हुन्छ। त्यसतर्फ ध्यान पुग्यो भने रोक्न सकिन्छ। तर हाम्रो समाजमा उसले त्यसै भनेको होला, जिस्क्याएको होला भनेर उसका कुरामा ख्याल नगर्ने अवस्था कायमै छ।

“मानसिक समस्या भएका मान्छेले कोही न कोहीलाई पूर्वसङ्केत दिएको हुन्छ, तर त्यसरी समस्यामा परेका मान्छेको भनाइलाई ख्याल गरिँदैन, अनि गम्भीर दुर्घटना हुनपुग्छ, त्यसतर्फ चेतना जगाउनु जरुरी छ”, मनोविमर्शकर्ता सोनु शर्मा भन्नुहुन्छ।

विश्वमा झैं नेपालमा पनि बर्सेनि आत्महत्याका घटना बढ्दै गएका छन् । आत्महत्या रोकथामका लागि विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)सँगको सहकार्यमा हरेक वर्ष सेप्टेम्बर १० का दिन (आज) विश्व आत्महत्या रोकथाम दिवस मनाइने गरिएको छ। सन् २००३ देखि यो दिवस मनाउन थालिएको हो।

दिवसका सन्दर्भमा ‘द स्कुल अफ साइकोलोजी नेपाल’का अध्यक्ष तथा मनोविद् डा नरेन्द्रसिंह ठगुन्ना मानसिक समस्यामा परेका व्यक्तिको विषयमा गम्भीरता देखाउन जरुरी छ भन्नुहुन्छ । उहाँ पछिल्लो समयमा आत्महत्या रोकथाममा बहस सुरु हुनुलाई सकारात्मकरूपमा लिनुहुन्छ। “विगतमा यसबारे चर्चा नै हुँदैनथ्यो, जति चर्चा बढी हुन्छ, विषय उठ्दै जान्छ र रोकथाममा सहयोग पुग्छ, अहिले त्यस्तै बहसको शृङ्खला बढेको छ, आशा गरौं आगामी दिनमा आत्महत्याका घटना न्यूनीकरण हुँदै जानेछन्”, डा ठगुन्नाले भन्नुभयो।

कानुनमा समेत केही सुधार गर्न जरुरी रहेको उहाँको भनाइ छ। नेपालको कानुनमा मानसिक समस्या भएकालाई कुनै पनि सरकारी पदमा योग्य नहुने भनेर उल्लेख छ। मानसिक समस्या भएका व्यक्ति परीक्षामा सहभागी हुनै नसक्ने तथ्य हुँदाहुँदै त्यो कुरा कानुनमा लेख्न आवश्यक नरहेको उहाँको तर्क छ।

“त्यसरी कानुनमा नै उल्लेख गर्दा मानसिक रोग गम्भीर अपराध पो रहेछ भन्ने मानिसमा भ्रम सिर्जना हुनसक्ने र पछि त्यही कुराले आत्महत्या दुरुत्साहन गर्नसक्ने हुन्छ”, उहाँले भन्नुभयो। उहाँले यसको रोकथामको महत्वपूर्ण माध्यम (थ्रिसी) कनेक्ट, कम्युनिकेशन र केयर नै हो भन्नुभयो।

भक्तपुर बहुमुखी क्याम्पसका उपप्राध्यापक तुलसीराम घेमोसुले आफैँले थाहा पाएका केही घटनाबारे सुनाउनुभयो। उहाँका अनुसार बुवाआमा गुमाएका एक व्यक्ति दाजुभाउजुसँग बस्ने गरेका थिए। झण्डै ३०-४० वर्षका उनको बिहे भएको थिएन । विस्तारै डिप्रेसनमा गए। बिहे नभएकै कारण उनले गम्भीर निर्णय गर्न पुगे।

चिकित्सा शिक्षा (एमबिबीएस) गर्न नसक्दा, विवाह गरेका केटाकेटीको आर्थिक अवस्था नमिल्दा पनि घटना घटेको सुनाउँदै उहाँले एकपटक असफल हुँदैमा केही हुन्न विकल्प धेरै छन् भनेर सम्झाउन सक्ने परिवार र समाजको खाँचो रहेको औँल्याउनुहुन्छ। हरेक व्यक्तिले आ-आफ्नो तहबाट आत्महत्या रोकथाममा भूमिका खेल्नसके पनि न्यूनीकरणमा सहयोग पुग्ने उहाँ बताउनुहुन्छ।

मनोविमर्शकर्ताको प्रशिक्षण लिनुभएकी जानकी गिरी प्रेममा धोका खाएर वा गरिबीमात्रै आत्महत्याको कारण नभएको बताउनुहुन्छ । स्टाफ नर्स गङ्गा केसी पूर्वजानकारी पाउँदापाउँदै पनि परिवारको उदासिनताले घटना घट्ने गरेको बताउनुहुन्छ। उहाँले भन्नुभयो, “त्यो मान्छेले सङ्केत दिएको हुन्छ, तर उक्त सूचनाको ख्याल नगरिँदै आत्महत्याका घटना घटिरहेका हुन्छन् ।”

विश्वमा वार्षिक सात लाख बढीले आत्महत्या गर्ने गरेको तथ्याङ्क छ । मृत्यु भएकामध्ये ५० वर्षभन्दा मुनिका मानिस ५८ प्रतिशत छन्। गृह मन्त्रालयको तथ्याङ्कानुसार आर्थिक वर्ष २०७८/७९ मा छ हजार सात सय ९२ जनाले आत्महत्या गरेका छन् । आव २०७७/७८ मा सात हजार एक सय ४२ जनाले आत्महत्या गरेको तथ्याङ्क छ । विसं २०७२ देखि क्रमशः झण्डै पाँच सयको हाराहारीमा बढिरहेको आत्महत्याको तथ्याङ्क ७०७८ मा आइपुग्दा केही कम देखिएको छ। कोभिड-१९ महामारीलगायतका कारणले उक्त वर्ष सो सङ्ख्या घटेको हुनसक्ने अनुमान गरिएको छ।

### मानसिक स्वास्थ्य समस्या बढाउने कारण

मनोविद्का अनुसार उदासिनता, रक्सी र अन्य लागुऔषधको दुरुपयोग, दीर्घरोग, मानसिक समस्या, समाजिक र व्यक्तिगत वा मनोसामाजिक समस्या (वैवाहिक जीवन आनन्दमय नहुनु, कसैसँग पनि राम्रो सम्बन्ध विकास नहुनु)लगायत कारणले मानिसमा मानसिक समस्या बढ्न सक्छ। यस्तै अचानक जागिर जानु, भावना पोख्ने ठाउँ वा व्यक्ति नहुनु, किशोर-किशोरी स्कुलमा फेल हुँदा, प्रेमी प्रेमीका बीचको बिछोड, आमा-बाबुबीचको सम्बन्ध राम्रो नभएको अवस्थामा हुने तनाव, निराशापन, असफलता, उत्सुकता, कतिपय व्यक्ति रिसको आवेगमा पनि मानसिक समस्यामा बढ्ने र त्यसले आत्महत्यासम्म पुर्‍याउन सक्ने अध्ययनले देखाएको छ।

### मनोसामजिक समस्या देखिएमा के गर्ने

कुनै पनि व्यक्तिमा मनोसामाजिक समस्या देखिएमा उनीहरूको कुरा ध्यान दिएर सुन्ने, उनीहरूले भनेका कुरालाई हैन होला भनेर अस्वीकार नगर्ने, तिमीलाई कसैले सुनेन भने तिम्रो कुरा सुन्न म तयार छु भनेर विश्वास दिलाउने गर्दा पनि समस्या घटाउन सकिने मनोविद्को भनाइ छ । यस्तै मानसिक स्वास्थ्य सचेतना बढाउने, लान्छना र विभेदका कारण मानिस खुलेर बोल्दैनन्, त्यसले समस्या नित्याउनसक्ने हुँदा सचेत गर्नुपर्छ।

स्व-हेरचाहको विधि सिकाउने, दैनिकी व्यवस्थित गर्न लगाउने वा गर्ने, पर्याप्त सुत्ने र हाँस्ने, भित्रका कुरा अभिव्यक्त गर्न लगाउने, समाज, परिवार र साथीभाइबाट लान्छना लाग्ने गतिविधि गर्नुहुन्न, उनीहरूको कुरा सुन्न तयार हुनुपर्छ। तब उनीहरूमा मानसिक तनाव घट्छ।

### सहजकर्ता उत्पादन

बर्सेनि बढ्दो क्रममा रहेको आत्महत्याका घटना रोकथामका गर्ने उद्देश्यले द स्कुल अफ साइकोलोजी नेपाल र साइकोडेक्स फाउण्डेशनले सहजकर्ता उत्पादन गर्दै आएको छ। उक्त संस्थाले विभिन्न तालिममा दीक्षित व्यक्तिलाई काठमाडौंमा एक कार्यक्रमका बीच प्रमाणपत्र वितरण गरेको छ।

आत्महत्या रोकथामको मानसिक स्वास्थ्य सचेतनाका लागि आत्महत्या रोकथाम सहजकर्ता तालिमको ४७औं समूहबाट तालिमप्राप्त २४ जनालाई प्रमाणपत्र वितरण गरिएको छ । उक्त तालिमबाट अहिलेसम्म एक हजार एक सय तीन सहजकर्ता उत्पादन भएका छन् । यस्तै मनोसामाजिक मनोविमर्श तालिमको छ महिने कोर्षबाट दीक्षित भएका ११ विद्यार्थीलाई पनि आजै प्रमाणपत्र वितरण गरिएको छ । अहिलेसम्म उक्त तालिमबाट दुई सय बढी व्यक्ति दीक्षित भइसकेका छन् । यस्ता प्रशिक्षणलाई नियमितरूपमा अघि बढाउँदै आत्महत्या रोकथाममा अभियान चलाउँदै आएको उक्त संस्थाले जनाएको छ । दिवसका सन्दर्भमा महिनाभर नै विभिन्न कार्यक्रम गर्न थालिएका छन् ।

# विकासका नाममा हुने डोजर आतङ्क बन्द हुनुपर्छ : मन्त्री यादव

काठमाण्डु । वन तथा वातावरणमन्त्री प्रदीप यादवले विकासका नाममा हुने डोजर आतङ्क बन्द हुनुपर्ने बताउनुभएको छ।

पछिल्लो समय विकासका नाममा जाथाभावी डोजर प्रयोग गरी जङ्गल विनास गर्नुका साथै ठाउँ-ठाउँमा पहिरा जाने र बाढी पहिराको जोखिम बढ्दै गएकाले विकासमा नाममा जङ्गल तथा डाँडाकाँडा भत्काउने तथा मास्ने कार्य तत्काल बन्द हुनुपर्ने उहाँले बताउनुभयो।



उहाँले भन्नुभयो, "सडक चाहियो भन्दैमा डोजर लाएर जङ्गल मासेर डाँडा भत्काउन काम अब रोक्नुपर्छ, जथाभावी डोजर प्रयोग गर्दा कति विनास हुँदैछ, त्यसको ख्याल गरेरमात्रै डोजर प्रयोग गर्न आवश्यक छ।' यसैगरी उहाँले शिक्षा, सडक, विद्युत् शनिबार प्रमुख आवश्यकता भए पनि जथाभावी डोजर प्रयोग गरेर सडक बनाउँदा विकाससँग सँगै विनास निम्त्याएको उल्लेख गर्नुभयो। म विकासको विरोधी होइन तर विकास गर्ने नाममा विनास नमित्योस',उहाँले भन्नुभयो, हामीले गरेका विकासले दीर्घकालिन रुपमा सेवा देओस तर हाम्रा विकासले विनासको जोखिम नल्याओस।' जलवायू परिर्वतनका कारण विश्वभरीमा विभिन्न घटनाक्रम बढ्दै गइरहेकाले नेपालले पनि अब जलवायू परिर्वतनका क्षेत्रमा सचेत भएर काम गर्नु पर्ने उहाँको भनाइ थियो।

विशेष गरी नेपालका पहाडी क्षेत्रमा पछिल्लो समय डाँडाकाँडा भत्काउनका लागि तीनै तहका सरकारतर्फबाट डोजर प्रयोग गर्दै आइएकाले त्यसलाई रोक्न कडा कानुनको व्यवस्था आवश्यक रहेको र उक्त कार्य रोक्नु पर्ने मन्त्री यादवको जोड थियो।

सडकलगायतका विकास गर्दा विज्ञसँगको राय सुझाव तथा सल्लाह अनुसार काम गर्नुपर्ने मन्त्री यादवको भनाइ थियो।

यसैगरी उहाँले विकास र वातावरण एक आपसका प्रतिद्धन्द्धी नभइ परिपूरक भएकाले दिगो विकासको अवधारणा बमोजिम नै नेपाल सरकारले सञ्चालन गर्ने कुनै पनि विकास निर्माण कार्यबाट वातावरणमा पर्न सक्ने सम्भावित असरलाई अनिवार्य रुपमा सम्बोधन गर्नुपर्ने धारणा राख्नुभयो।

वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार सबैले विकास निर्माणका काम गर्नुपर्ने उहाँको भनाइ थियो। वायू प्रदूषण न्यूनीकरणका लागि सरकारले विभिन्न काम गर्न निती नियम बनाएको भए पनि कार्यान्वयन पक्ष फितलो भएका कारण समस्या भएको समेत मन्त्री यादवले बताउनुभयो।रासस

# आगामी मङ्सिरपछि कांग्रेसको नेतृत्वमा स्थिर सरकार बन्छ : नेता गौतम

सुर्खेत (भेरीगङ्गा)। नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद सञ्जय गौतमले आगामी मङ्सिरपछि कांग्रेस नेतृत्वमा स्थिर सरकार बन्ने बताउनुभएको छ।

नेपाल प्रेस युनियन जिल्ला शाखाले आज वीरेन्द्रनगरमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले मङ्सिर ४ गतेपछि कांग्रेसको नेतृत्वमा सरकार बन्ने र त्यो सरकार स्थिर हुने बताउनुभएको हो।

देशलाई तीव्ररुपमा अगाडि बढाउन गठबन्धन आवश्यक रहेको बताउँदै उहाँले भन्नुभयो, "हाम्रो संविधानअनुसार नेपालमा कुनै पनि दलको एकल सरकार बन्ने सम्भावना कम छ, देशमा स्थिर सरकारसँगै विकासलाई तीव्रगतिमा अगाडि बढाउनका लागि पनि गठबन्धन गरेर निर्वाचनमा जान आवश्यक छ।'

संविधानको रक्षा र कार्यान्वयनका लागि पनि गठबन्धन भएको गौतमको भनाइ छ। उहाँले राजनीतिक दलप्रति नागरिकको वृतृष्णा बढ्न थालेको भन्दै आगामी निर्वाचनपछि बलियो सरकार निर्माणपछि नागरिकका सबै समस्या समाधान गरिने दाबी गर्नुभयो।

गौतमले कांग्रेसभित्र केही असमझदारी रहेको भन्दै लोकतान्त्रिक मूल्यमान्यता बोकेको पार्टीमा प्रतिस्पर्धा र असमझदारी हुनु स्वभाविक रहेको बताउनुभयो।

सुर्खेतका सन्दर्भमा पनि विगतका तीतामीठा अनुभवलाई आत्मसात् गर्दै एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा उहाँको जोड छ। उहाँले भन्नुभयो, "लोकतान्त्रिक मूल्यमान्यता बोकेका पार्टीमा प्रतिस्पर्धा हुनु स्वभाविक हो, केही त्रुटि पनि हुन सक्छन्, त्यसलाई सच्याउँदै अगाडि बढ्नुको विकल्प छैन।'

उहाँले सुर्खेत-तेलपानी हुँदै भुरीगाउँ पुग्ने सडक निर्माण चाँडै हुने भन्दै सडक निर्माणपछि कर्णालीको विकासमा टेवा पुग्नेसमेत बताउनुभयो। कांग्रेस सुर्खेतका निवर्तमान सभापति कमलराज रेग्मीले पार्टीभित्रको नेतृत्वले सबैलाई मिलाएर लैजानुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "नेतृत्वले सबै नेता कार्यकर्तालाई मिलाएर लिनुपर्ने हुन्छ, हामी जति एकताबद्ध हुन्छौँ, त्यति नै हामी बलियो हुन्छौँ र हाम्रा एजेण्डा लागू गर्न सक्छौँ।'

नेता गौतम निर्वाचन केन्द्रित जनताका साथमा कांग्रेस अभियानका लागि सुर्खेत आउनुभएको थियो। उक्त अभियानको समीक्षाका लागि पत्रकार सम्मेलनको आयोजना गरिएको थियो।रासस

# वंशजका आधारमा नागरिकता पाउनुपर्छ : अध्यक्ष ओली

मोरङ । नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले जन्मसिद्ध नागरिकका सन्तानलेवंशजका आधारमा नागरिकता पाउनुपर्ने बताउनुभएको छ।



विराटनगर विमानस्थलमा शनिबार सञ्चारकर्मीसँग उहाँले सरकारले अहिले ल्याइएको नागरिकता विधेयकमा जन्मसिद्धका छोराछोरीलाई वंशजको नागरिकता पाउनेछन् भन्ने संशोधन थप गरी विधेयक ल्याउनुपर्ने धारणा राख्नुभयो। अध्यक्ष ओलीले भन्नुभयो,"यो संशोधन विधेयक तीन दिनमा पास हुनेछ।'

उहाँले नागरिकता विधेयक सम्बन्धमा सरकारले तनावको विषय बनाएर समस्या समाधान गर्न नखोजेको आरोप लगाउनुभयो। उहाँले नागरिकता विषयका सम्बन्धमा गठबन्धन दललाई भोटको राजनीति नगर्न अनुरोध गर्नुभयो।

पूर्वप्रधानमन्त्री ओलीले संसद् बहस र विधिका आधारमा चल्नु पर्दछ भन्दै व्यक्तिले संसद् चलाउन खोज्नु मुलुकलाई अस्थिरतातर्फ धकेल्नु भएको धारणा राख्नुभयो। पूर्वप्रधानमन्त्री ओलीले निर्वाचन मिति घोषणा भइसकेका अवस्थामा सरकारले कर्मचारी सरुवा र नियुक्ति गर्नु गलत कार्य भएको बताउनुभयो।

उहाँले निर्वाचन आयोगले निष्पक्ष तथा स्वतन्त्र निर्वाचनका लागि प्रशासन सञ्चालनको जिम्मा आफ्नो हातमा लिनुपर्ने र न्यायाधीशमार्फत निर्वाचन परिचालन गर्नुपर्ने सुझाव दिनुभयो।रासस

# मिडियाको भूमिका महत्वपूर्ण : शिक्षामन्त्री पौडेल

गण्डकी। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले मुलुकको राजनीतिक, सामाजिक परिवर्तनमा मिडिया जगतको महत्वपूर्ण भूमिका रहँदै आएको बताउनुभएको छ।

प्रेस सेन्टर नेपाल गण्डकी प्रदेश समितिको शनिबार पोखरामा आयोजित तेस्रो पूर्ण बैठकमा उहाँले सरकारका कामकारवाहीदेखि राजनीतिक दलले अघि सारेका मुद्दालाई जनस्तरमा स्थापित गर्न मिडियाले अर्थपूर्ण भूमिका खेल्नुपर्ने उल्लेख गर्नुभयो।

उहाँले मिडियाको समयसापेक्ष विकाससँगै पत्रकारको दक्षता अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुभयो। सामाजिक सञ्जाल पनि सशक्त माध्यमका रुपमा आएको भन्दै मन्त्री पौडेलले त्यसको सही सदुपयोग हुनुपर्ने धारणा राख्नुभयो। रासस

# 'निर्वाचनपछि कांग्रेसको नेतृत्वमा स्थिर सरकार'

सुर्खेत (भेरीगङ्गा)। नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद सञ्जय गौतमले आगामी निर्वाचनपछि आफ्नो पार्टीको नेतृत्वमा सरकार बन्ने दाबी गर्नुभएको छ।



नेपाल प्रेस युनियन शाखा सुर्खेतले शनिबार वीरेन्द्रनगरमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, हाम्रो संविधानअनुसार नेपालमा कुनै पनि दलको एकल सरकार बन्ने सम्भावना कम छ, देशमा स्थिर सरकारसँगै विकासलाई तीव्रगतिमा अगाडि बढाउनका लागि पनि गठबन्धन गरेर निर्वाचनमा जान आवश्यक छ।'

संविधानको रक्षा र कार्यान्वयनका लागि पनि गठबन्धन भएको गौतमको भनाइ छ। उहाँले राजनीतिक दलप्रति नागरिकको वृतृष्णा बढ्न थालेको भन्दै आगामी निर्वाचनपछि बलियो सरकार निर्माणपछि नागरिकका सबै समस्या समाधान गरिने दाबी गर्नुभयो।

गौतमले कांग्रेस पार्टीभित्र केही असमझदारी रहेको भन्दै लोकतान्त्रिक मूल्यमान्यता बोकेको पार्टीमा प्रतिस्पर्धा र असमझदारी हुनु स्वभाविक रहेको बताउनुभयो।

सुर्खेतका सन्दर्भमा पनि विगतका तीतामीठा अनुभवलाई आत्मसात् गर्दै एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा उहाँको जोड छ। उहाँले भन्नुभयो, लोकतान्त्रिक मूल्यमान्यता बोकेका पार्टीमा प्रतिस्पर्धा हुनु स्वभाविक हो, केही त्रुटि पनि हुन सक्छन्, त्यसलाई सच्याउँदै अगाडि बढ्नुको विकल्प छैन।'

उहाँले सुर्खेत-तेलपानी हुँदै भुरीगाउँ पुग्ने सडक निर्माण चाँडै हुने भन्दै सडक निर्माणपछि कर्णालीको विकासमा टेवा पुग्नेसमेत बताउनुभयो।रासस

# समानुपातिकमा २० लाख मत पाउँछौँ : अध्यक्ष नेपाल

चन्द्रौटा। नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले आगामी निर्वाचनमा समानुपातिकमा २० लाख मत पाउने दाबी गर्नुभएको छ। मुस्लिम इत्तेहाद सङ्गठन लुम्बिनी प्रदेशको शनिबार आयोजित भेलालाई सम्बोधन गर्दै छोटो समयमा एकीकृत समाजवादीले जनताको मन जित्न सफल भएको बताउनुभयो।



गत स्थानीय तहमा १० लाखको हाराहारीमा मत पाएको बताउँदै उहाँले आगामी निर्वाचनमा दृढताका साथ होमिन आग्रह गर्नुभयो। उहाँले देशको विकासका लागि पाँच दलीय गठबन्धन बनेकाले गठबन्धनलाई जिताउन सबै लाग्नुपर्ने बताउनुभयो। मुस्लिम इत्तेहाद सङ्गठनले देशभरका प्रदेशमा भेला भइरहेकाले मुस्लिम एकजुट भई सङ्गठन बलियो बनाउन उहाँले आग्रह गर्नुभयो।

पार्टीका सबै सङ्गठनलाई मजबुत बनाउने दायित्व सबै नेता कार्यकर्ताको रहेकाले गाउँगाउँमा सङ्गठन बलियो बनाउनुपर्नेमा नेता नेपालले जोड दिनुभयो। उहाँले गरिब र अत्याचारविरुद्ध लड्ने पार्टी एकीकृत समाजवादी रहेकाले आगामी निर्वाचनमा अत्यधिक मत पाउनेगरी काम गर्नुपर्ने बताउनुभयो।

पूर्वप्रधानमन्त्रीसमेत रहुनभएका नेपालले छोरा र छोरीमा विभेद गर्न नहुने बताउनुभयो। छोरीलाई पनि शिक्षाको पहुँचमा ल्याउनुपर्ने भन्दै उहाँले स्थानीय सरकार प्रदेश सरकारले विशेष कदम चाल्नुपर्ने बताउनुभयो। उहाँले मधेस प्रदेशले बेटी बचाउ, बेटी पढाउ अभियान सञ्चालन गरी छोरीलाई शिक्षाको पहुँचमा पुऱ्याउने प्रयास गरेको बताउनुभयो। उहाँले मदरसालाई व्यवस्थित गराइ सरकारी स्वामित्वमा ल्याउन र हज कमिटी गठनमा आफूले प्रयास गरेको बताउनुभयो।

कार्यक्रममा सहरी विकासमन्त्री मेटमणि चौधरीले नेपालको रक्षा गर्न मुस्लिम समुदायको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो। उहाँले एकीकरणको समयदेखि हालसम्म मुस्लिम समुदायले देशको रक्षाका लागि गरेको प्रयास प्रशंसनीय रहेको जिकिर गर्नुभयो।

# बङ्गलादेशमा यही वर्ष विद्युत् निर्यात गर्छौँ : ऊर्जामन्त्री भुसाल

चितवन। ऊर्जामन्त्री पम्फा भुसालले नेपाल सरकारले बङ्गलादेशलाई विद्युत् निर्यातका लागि तयारी गरिरहेको बताउनुभएको छ।



शनिबार पत्रकारसँग कुरा गर्दै उहाँले यसै वर्ष बङ्गलादेशलाई विद्युत्निर्यातगरिने बताउनुभएको हो। हाल नेपालले भारतमा बिजुली बिक्री गर्दै आएको छ।

"हामीले अहिलेसम्म भारतमा मात्रै विद्युत् निर्यात गरेका छौँ।

अब बङ्गलादेश पनि निर्यात हुँदैछ," मन्त्री भुसालले भन्नुभयो, "जलविद्युत् उत्पादनमा साझेदारी गर्न सहमति भएको र यसै वर्षदेखि ५० मेगावाट विद्युत् बङ्गलादेश जान्छ।" ऊर्जालाई उत्पादनको माध्यम बनाउन लागिएको र गरिबीको रेखामुनि रहेका जनतालाई निःशुल्कजस्तै रहेको जानकारी दिँदै उहाँले घरायासी प्रयोजनका लागि मूल्य घटाइएको छ भने कृषि र सिँचाईमा ७५ प्रतिशत महसुल घटाइएको जानकारी दिनुभयो।

पत्रकार प्रसङ्गमा उहाँले गठबन्धनको सिटको विषय आज बेलुकासम्म टुङ्ग्याइने बताउनुभयो। शुक्रबार टुङ्गिने भनिएको गठबन्धनको सिट बाँडफाँट प्राविधिक हिसाबले समस्या भएको उल्लेख उहाँले भन्नुभयो, "गठबन्धनका नेताहरू बाहिर भएका कारण शुक्रबार हुन सकेन आज साँझ टुङ्गिन्छ।"रासस

# उद्धार, उपचार र राहतको व्यवस्था मिलाउन गृहमन्त्रीको निर्देशन

काठमाण्डु। गृहमन्त्री बालकृष्ण खाणले दार्चुलाका विभिन्न ठाउँमा आएको बाढीपहिरामा परी घाइते भएका र प्रभावितलाई तत्काल उद्धार, उपचार र राहतको व्यवस्था मिलाउन गृह प्रशासनलाई निर्देशन दिनुभएको छ। उहाँले आवश्यकतानुसार हेलिकोप्टरको प्रयोग गर्नसमेत निर्देशन दिनुभएको छ।



गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले गृहमन्त्री खाणको निर्देशनपछि बाढी र पहिरामा परी गम्भीर घाइतेको उद्धार गर्न कर्णाली प्रदेशको सुर्खेतबाट नेपाली सेनाको हेलिकोप्टर घटनास्थलमा पुगेको र घाइतेलाई हेलिकोप्टरबाट उद्धार गरिएको जानकारी दिनुभयो।

नेपाल प्रहरीका सुदूरपश्चिम प्रदेश प्रमुख डिआइजी मोहन आचार्यका अनुसार महाकाली नगरपालिका र नौगाड गाउँपालिकाका विभिन्न स्थानमा पहिराले ठूलो क्षति पुऱ्याएको छ। अहिलेसम्म पाँच जनाको शव भेटिएको छ भने सात जना बेपत्ता तथा आठ जना घाइते भएका छन्। घाइतेमध्ये पाँच जनाको अवस्था गम्भीर रहेको उहाँले बताउनुभयो।

गृहमन्त्री खाणले बाढी पहिराबाट विस्थापितलाई तत्कालीन राहत, उद्धार र स्थानान्तरणमा कुनै कमी हुन नदिन यथाशीघ्र उद्धार गर्न निर्देशन दिनुभएको छ। उहाँले सरकार नागरिकको जीवनरक्षाका लागि प्रतिबद्ध रहेको उल्लेख गर्दै त्यसका लागि कुनै कसर बाँकी नराख्न गृह प्रशासन र सुरक्षा निकायलाई निर्देशन दिनुभएको छ।

बाढीबाट लास्कु क्षेत्रका चार, बाङ्गबगड क्षेत्रका ११ घर तथा दशरथनगर आधारभूत विद्यालयमा पूर्ण क्षति पुगेको छ। दुहुँ र महाकाली जोड्ने लास्कुखोलाको झोलुङ्गे पुल र मोटरेबल पुल बगाएको छ।

बाढीले पार्किङमा राखेका पाँच जीप, एउटा ट्र्याक्टर र एउटा समेत बगाएको प्रहरी जनाएको छ। अहिले बाढी र पहिरो प्रभावित क्षेत्रमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीर स्थानीयवासी खोज तथा उद्धारमा खटिएका छन्।रासस

# विशिष्ट व्यक्तिद्वारा भक्तपुरको ऐतिहासिक सम्पदाको अवलोकन

भक्तपुर । काठमाण्डु महानगरपालिकालगायत देशका विभिन्न नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत र विदेशी पाहुनासहित ७५ जनाको टोलीले शनिबार भक्तपुर नगरपालिकाको ऐतिहासिक सम्पदाको अवलोकन गर्नुभएको छ।

काठमाण्डुका नगरप्रमुख बालेन साह, उपप्रमुख सुनिता डङ्गोल, जुम्लाको चन्दननाथ नगरपालिकाका प्रमुख राजुसिंह कठायत, उपप्रमुख रामदेवी खड्का, नवलपरासीको रामग्राम नगरपालिकाका प्रमुख धनपत यादव र उपप्रमुख सम्झना चौधरी, सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकाका प्रमुख आइतमान तामाङ र उपप्रमुख उमा प्रधान, धनकुटाको पाख्रीबास नपाका प्रमुख ज्ञानबहादुर गुरुङ र उपप्रमुख नम्रता गौतम, डडेल्धुराको अमरगढी नपाका प्रमुख डिल्लीराज जोशी र उपप्रमुख पार्वती भुकाल तथा नेपालका लागि अमेरिकाका पूर्वराजदूत स्कट हेनरी डेल्सी र नगर पार्सद सदस्य मोहम्मद हुसेन सरिफ एवं प्रशासकीय अधिकृतसहितको टोलीले भक्तपुरको दरबार स्क्वायर क्षेत्र, पाँचतले मन्दिर हुँदै पैदल यात्रा गर्दै दत्तात्रय मन्दिर क्षेत्रका सम्पदाको स्थलगत अवलोकन भ्रमण गर्नुभएको छ।

इन्द्रजात्रा अवलोकन गर्न काठमाण्डु आउनुभएका भ्रमण टोलीलाई भक्तपुर नगरपालिकाले आफ्नै नगरपालिका कार्यालयको सभाकक्षमा नगरप्रमुख सुनिल प्रजापतिले भादगाउँले टोपी र उपप्रमुख रजनी जोशीले नगरपालिकाको लोगो अङ्कित परम्परागत खाँदा तथा महिला अतिथिलाई सुर्केथैली उपहारसहित स्वागत गर्नुभयो।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका वैज्ञानिक समाजवादप्रति आस्थावान जनप्रतिनिधि कार्यरत रहेको बताउँदै भक्तपुरमा मौलिकशैलीमा घर बनाउनेलाई प्रोत्साहनस्वरुप आर्थिक अनुदान प्रदान गर्दै आइरहेको, विकास निर्माणमा जनसहभागिता र सम्पदा संरक्षणमा उल्लेखनीय कार्य गर्दै संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख बाटोतर्फ नगरपालिका अगाडि बढिरहेको बताउनुभयो।



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँले एक सय वर्षपछिको भक्तपुरको आधार निर्माण गरिरहेको बताउँदै प्रजापतिले जनप्रतिनिधिहरुबीचको अनुभव आदानप्रदानले एक अर्काबाट सिक्दै अगाडि बढ्न ऊर्जा प्राप्त हुनेमा जोड दिनुभयो। निर्वाचनका समयमा जनतासँग गरेको बाचा पूरा गर्दै जनतासँग नजिकमा रहेर काम गर्ने स्थानीय सरकारले इमानदारीपूर्वक आफ्नो जिम्मेवारी निर्वाह गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

उहाँले आत्मनिर्भरतालाई जोड दिएर विदेशीको सहयोगलाई अस्वीकार गर्दै जनताको साथ र सहयोगमा भक्तपुर नगरपालिकाले यहाँका सम्पदाको पुनःनिर्माण एवं जीर्णोद्धार गरिरहेको जानकारी गराउनुभयो।

नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाको संक्षिप्त प्रस्तुतीकरण देखाउँदै कला संस्कृतिमा धनी नगरलाई विश्वकै हेर्न लायक सहरका रुपमा विकास गर्न लागि रहेको बताउनुभयो।

काठमाण्डुका प्रमुख साहले भक्तपुरको मौलिकता, सम्पदा जगेर्ना र सरसफाइबाट आफू निकै प्रभावित भएको भन्दै ठेक्का पट्टाबाट हुने सम्पदा निर्माण र विकास निर्माणका गतिविधिको नियमित अनुगमन हुनुपर्ने बताउनुभयो।

विदेशीको सहयोगले नेपाल बन्दैन भन्ने भक्तपुर ज्वलन्त उदाहरणको रुपमा रहेको बताउँदै उहाँले शिक्षा र स्वास्थ्य क्षेत्रमा भइरहेको व्यापारीकरण बन्द गरी जनताको आधारभूत आवश्यकतामा पर्ने विषयको जिम्मा राज्यले लिनुपर्नेमा जोड दिनुभयो।

विराटनगर महानगरका प्रमुख नागेश कोइरालाले महानगर र नपाबीचको समन्वय तथा सहकार्य आगामी दिनमा अझ प्रगाढ र सुमधुर रहने विश्वास व्यक्त गर्दै मूर्त, अमूर्त सम्पदा काठमाण्डु उपत्यकाको विशेषता नै रहेको तर भक्तपुर र विराटनगरबीच कृषि क्षेत्रमा समानता रहेको बताउनुभयो।

उपप्रमुखका तर्फबाट रामग्राम नपाका उपप्रमुख सम्झना चौधरी र भक्तपुर-९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले नगरपालिकाबीचको सम्बन्ध र उपलब्धि एकअर्कामा परिचित गराउनुपर्नेमा जोड दिनुभयो।

सम्पदाको अवलोकन पश्चात नगरप्रमुख प्रजापतिले उहाँहरुलाई प्रसिद्ध मयुर झ्याल र नगरपालिकाका प्रकाशन उपहार स्वरुप प्रदान गर्नुभएको थियो।रासस

# वेस्ट बैंकको झडपमा ३७ प्यालेस्टाइनी घाइते



**सिन्ह्वा**

रामल्लाह । वेस्ट बैंकको नाब्लस शहरमा इजरायली सेनासँगको झडपमा शुक्रबार कम्तीमा ३७ प्यालेस्टाइनी घाइते भएको प्यालेस्टिनी चिकित्सक र प्रत्यक्षदर्शीले बताएका छन् ।

प्यालेस्टिनी रेड क्रिसेन्ट सोसाइटीले विज्ञप्ति जारी गर्दै घाइतेमध्ये तीन जनालाई घातक गोली र नौ जनालाई रबरको गोली प्रहार गरिएको बताएको छ ।

प्यालेस्टिनी प्रत्यक्षदर्शीले बताएअनुसार नाब्लस शहरको दक्षिण र पूर्व, बेइटा र बेइट दाजान गाउँमा र काफ्र कद्दुम गाउँमा विरोधी प्रदर्शनकारी र इजरायली सैनिकबीच भीषण झडप भएको थियो । प्रदर्शनकारीले टायर जलाएर विरोध प्रदर्शन गर्दै गाउँको वरिपरि तैनाथ इजरायली सैनिकलाई ढुङ्गा प्रहार गरेका थिए ।

काफ्र कद्दुम गाउँका प्रतिरोध कार्यका लोकप्रिय संयोजक मुराद एश्तेवीले सिन्ह्वालाई दिएको जानकारीअनुसार इजरायली सैनिकले आफ्नो गाउँ विरुद्धको कदमलाई अस्वीकार गर्दै प्यालेस्टिनी प्रदर्शनकारीलाई आक्रमण गर्न रबरको गोली, अश्रुग्यास र साउन्ड बम प्रयोग गरेका थिए ।

इजरायली अधिकारीले भने हालसम्म उक्त घटनाबारे कुनै टिप्पणी गरेका छैनन् । जुन १९६७ मा मध्यपूर्व युद्धमा, इजरायलले प्यालेस्टिनीले दाबी गर्ने वेस्ट बैंक, गाजा पट्टी र पूर्वीजेरुसेलमलाई कब्जा गरेको थियो र त्यस बेलादेखि ती क्षेत्र नियन्त्रणमा लिएको छ ।

इजरायली सेनाले प्यालेस्टिनी लडाकु र प्रदर्शनकारी विरुद्धको सैन्य कारबाहीलाई तीव्र बनाएपछि वेस्ट बैंकमा विगत केही दिनदेखि तनाव बढेको छ ।

# ईयू राष्ट्रहरू ऊर्जा मूल्यबारे संयुक्त दृष्टिकोण बनाउन सहमत

**सिन्ह्वा**

ब्रसेल्स । युरोपेली सङ्घ (ईयू) का सदस्य राष्ट्रका ऊर्जामन्त्रीहरूले इन्धनको मूल्य नियन्त्रणका लागि अस्थायी आपतकालीन उपायबारे साझा धारणा बनाउन शुक्रबार सहमति जनाएका छन् । चेक गणतन्त्रका उद्योग तथा व्यापारमन्त्री जोजेफ सिकेलाले ब्रसेल्समा भएको ऊर्जा परिषद्को बिशेष बैठकपछि भन्नुभयो, "उनीहरूले युरोपेली आयोगलाई केही दिनभित्रै बलियो र ठोस प्रस्ताव पेश गर्ने जिम्मेवारी दिएका छन् ।'

हामी इन्धनको उच्च मूल्यहरूको सामना गरिरहेका हाम्रा नागरिकहरू र कम्पनीहरूलाई मद्दत गर्न जे पनि गर्नेछौं,' उहाँले भन्नुभयो । मन्त्रीहरूले चार मुख्य क्षेत्रहरू पहिचान गरी सदस्य राष्ट्रहरूले आयोगले कम उत्पादन लागतको सामना गर्ने बिजुली उत्पादकहरूको राजस्वसीमित गर्ने, ग्याँसमा सम्भावित मूल्य सीमा, ईयूभर समन्वित बिजुली माग घटाउने उपायहरू, र उपायहरू जसले कम तरलताको मुद्दा समाधान गर्न मद्दत गर्ने विश्वास गरेका छन् ।

यूका ऊर्जा आयुक्त कादरी सिमसनले बैठकपछि पत्रकार हरूसँग भन्नुभयो, ऊर्जाको मूल्यमा उल्लेखनीय कमी ल्याउने र आपूर्तिको हाम्रो सुरक्षा सुनिश्चित गर्ने कुनै पनि समाधान छैन । उहाँले भन्नुभयो, "हामीले आपूर्तिको विविधीकरण, माग घटाउने र नवीकरणीय ऊर्जामा लगानीजस्ता सबै मोर्चामा आफ्नो काम र दृढसङ्कल्पलाई निरन्तरता दिन आवश्यक छ ।'

ईयूले आफ्ना व्यापारिक साझेदारहरूसँग थप किफायती मूल्यहरू वार्ता गर्न द्विपक्षीय रूपमा काम गरिरहेको सिमसनले बताउनुभयो ।

उहाँले अहिलेसम्म केही पनि निर्णय नभएको स्वीकार गर्दै भन्नुभयो, हामी अर्को हप्ता अभूतपूर्व उपायहरू प्रस्ताव गर्नेछौं । मन्त्रीहरूले यस महिनाको अन्त्यमा फेरि बैठक बसेर अन्तिम योजनाहरूबारे छलफल गर्न र प्रस्तावहरू पारित गर्ने अपेक्षा गरिएको छ ।

# बङ्गलादेशले पाकिस्तानलाई हरायो



काठमाण्डु । राजधानीमा जारी छैटौं संस्करणको महिला साफ च्याम्पियनसिप फुटबलमा बङ्गलादेशले पाकिस्तानलाई पराजित गरेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा शनिबार भएको पहिलो खेलमा बङ्गलादेशले पाकिस्तानलाई ६-० गोलको फराकिलो अन्तरले पराजित गर्दै विजयी भएको हो ।

बङ्गलादेशको जितमा कप्तान सबिना खातुनले ह्याट्रिक पूरा गरिन् भने मोनिका चक्मा, मोसाम्मत शोप्ना र रितु पोर्नाले एक एक गोल थपे । खेलको तेस्रो मिनेटमा मोनिकाले गोल गर्दै बङ्गलादेशलाई पहिलो अग्रता दिलाइन् ।

त्यस्तै खेलको २८ औं मिनेटमा शोप्नाले गोल गर्दा बङ्गलादेश २-० ले अघि रह्यो । त्यसपछि खेलको ३१ औं मिनेटमा सबिनाले गोल गर्दै टिमको अग्रता तेब्बर बनाइन । यसैगरी खेलको ३५ औं मिनेटमा सबिनाले व्यक्तिगत दोस्रो गोल गर्दा बङ्गलादेश ४-० ले अघि रह्यो । खेलको ५९ औं मिनेटमा सबिनाले थप एक गोल गर्दै ह्याट्रिक पूरा गरिन् ।

त्यसपछि खेलको ७७ औं मिनेटमा रितुले गोल गर्दै बङ्गलादेशलाई ६-० को जित दिलाइन् । बङ्गलादेशको यो लगातार दोस्रो जित हो । यसअघि भएको पहिलो खेलमा बङ्गलादेशले माल्दिभ्सलाई ३-० ले हराएको थियो । पाकिस्तानको भने यो लगातार दोस्रो हार हो । पहिलो खेलमा पाकिस्तानले भारतसँग ३-० गोलको हार व्यहोरेको थियो ।

यस जितसँगै समूह 'ए' मा रहेको बङ्गलादेशले ६ अङ्क जोड्दै शीर्ष स्थानमा उक्लिएको छ । पाकिस्तान दुई खेलमा अङ्क विहीन रहँदै पुछारमा रहेको छ । प्रतियोगिताअन्तर्गत नै आज हुने दोस्रो खेलमा समूह बी मा नै रहेको भारतले माल्दिभ्ससँग खेल्दैछ ।

# दुई करोड ५० लाख अफगानी गरिबीको रेखामुनि



**एएनआई**

काबुल । मानवीय मामिलासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय निकायले अफगानिस्तानको गम्भीर अवस्थाप्रति चिन्ता व्यक्त गर्दै अफगानिस्तानमा दुई करोड ५० लाख मानिस गरिबीको रेखामुनि रहेको औंल्याएको छ ।

अफगानिस्तानस्थित संयुक्त राष्ट्रसंघीय मानवीय मामिला समन्वय कार्यालय (युएनओसीएचए) र विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले बढ्दो खाद्य असुरक्षा र गरिबीप्रति चिन्ता व्यक्त गरेको अफगानिस्तानको स्थानीय सञ्चारमाध्यम टोलो न्यूजले जनाएको छ ।

उक्त संस्थाले अफगानिस्तानमा मानव अधिकारको अवस्था पनि निकै कमजोर बन्दै गइरहेको बताएको छ ।

अफगानिस्तानको ओसिएचएले ट्विटरमा भनेको छ, "अफगानिस्तानमा दुई करोड ५० लाख मानिस गरिबीको चपेटामा छन् । एक करोड ९० लाख मानिस खाद्य असुरक्षाको चपेटामा छन् । दुई करोड ५० लाख मानिस गरिबीमा बाँचिरहेका छन् । यहाँका ५८ लाख मानिस लामो आन्तरिक विस्थापनमा छन् । हजारौं घरबाढी र भूकम्पका कारण क्षतिग्रस्त भएका छन् । जाडोमा बाँच्नका लागि उनीहरूलाई खाना, पोषण सहयोग, न्यानो लुगा र घामपानीमा ओत लाग्ने घर चाहिन्छ ।'

यसैबीच विश्व खाद्य कार्यक्रमले अफगानिस्तानको आर्थिक संकटबारे चिन्ता व्यक्त गरेको छ । डब्ल्यूएफपीले ट्विटरमा भनेको छ, "आर्थिक सङ्कटले अफगानिस्तानभरि रोजगारी, तलब र जीविकोपार्जनलाई समाप्त पारेको छ, परिवार र समुदायलाई आफूलाई समर्थन गर्न मद्दत गर्नु पहिलेभन्दा बढी महत्वपूर्ण छ ।


राजनीतिक विश्लेषक अब्दुल नसीरले भन्नुभयो, "जबसम्म गरिबी र बेरोजगारी उन्मूलन हुँदैन तबसम्म कुनै पनि राष्ट्र समृद्धिमा पुग्न सक्दैन, त्यसैले गरिबी र बेरोजगारी अन्त्य गर्ने तरिका भनेको निजी क्षेत्रलाई बलियो बनाउनु, लगानी आकर्षित गर्नु र देशमा रोजगारी सिर्जना गर्नु हो ।'

यसबाहेक, मानव अधिकार समूहहरूले संयुक्त राष्ट्रसंघलाई अफगानिस्तानमा बलियो जवाफदेहिताका लागि आह्वान गरेका छन् । संयुक्त राष्ट्रसंघलाई लेखेको खुला पत्रमा उनीहरूले अफगानिस्तानमा मानव अधिकारको स्थितिसम्बन्धी विशेष प्रतिवेदकको जनादेशसँगै मानव अधिकार परिषद् (एचआरसी) द्वारा एक समर्पित जवाफदेही संयन्त्रको स्थापना गर्न आह्वान गरेका छन् ।

# जीवनभर सेवामा समर्पित हुने प्रतिबद्धता

**एएनआई**

लण्डन । बेलायतका नयाँ राजा चार्ल्स तृतीयले राजाको जिम्मेवारी सम्हालेपछि पहिलो सम्बोधन गर्नुभएको छ । राष्ट्रका नाममा सम्बोधन गर्दै उहाँले आफू पनि आफ्नी आमाले झै आफ्नो जीवन पुरै सेवामा समर्पित गर्ने घोषणा गर्नुभएको छ ।



बेलायतकी महारानी एलिजावेथ द्वितीयको गत बुधबार निधन भएपछि उहाँका जेठा छोरा चार्ल्स तृतीयले राजाको जिम्मेवारी पाउनुभएको हो ।

राजाको रूपमा पहिलो सम्बोधन गर्ने क्रममा उहाँले आफू आफ्नो माताको निधनबाट अत्यन्त दुखी रहेको उल्लेख गर्नुभएको छ ।

उहाँले आफ्नी आमालाई आफू र आफ्नो परिवारका लागि प्रेरणा र उदाहरणको पात्रका रूपमा चित्रित गर्दै उहाँको प्रेम, स्नेह, मार्गदर्शन, बुझाइ र उदाहरणका लागि अरू परिवारले आफ्नी आमासँग महसुस गर्ने जस्तै गरी आफू पनि ऋणी रहेको बताउनुभयो । उहाँले भन्नुभएको छ, "महारानी एलिजाबेथको जीवन सार्थक रह्यो, उहाँले नियतिका साथ गरेको प्रतिबद्धता पूरा गर्नुभयो र उहाँको निधनमा गहिरो दुःख छ ।'

अहिले आफूहरूसँगै बेलायतका बासिन्दा, उहाँ राष्ट्रप्रमुख रहेका सबै देशहरू, राष्ट्रमण्डल र विश्वभरका शुभेच्छुकहरू पनि दुखी रहेको राजा चार्ल्सले सबैप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ ।

मेरी आमाले ७० वर्षभन्दा लामो समयदेखि यति धेरै देशका मानिसको सेवा गरेकोमा हामी उहाँप्रति पनि कृतज्ञता प्रकट गर्न चाहन्छौं,' उहाँले भन्नुभएको छ । एक शासकका रूपमा महारानी एलिजावेथ द्वितीयको समर्पण र प्रतिबद्धतामा जीवनभरी कहिल्यै कम नभएको पनि उहाँले उल्लेख गर्नुभएको छ ।

राजनीतिक तथा पारिवारिक जीवनमा आएका उथलपुथल, खुशी, दुःख, समस्या आदि कुनै पनि बेला उहाँ विचलित नहुनु भएको राजा चार्ल्सले स्मरण गर्नुभएको छ । उहाँले राजगद्दीको जिम्मेवारी सम्हालेदेखिको ७० वर्षको दौरानमा समाज, विविध संस्कृति र विश्वासमा परिवर्तन भएपनि त्यसको सामना गर्नु ठूलो चुनौतीका रूपमा राजा चार्ल्सले उल्लेख गर्नुभएको छ ।

# प्रथम सहिद स्मृति गोल्ड कप हुने

कालीकोट । जिल्लाको खाडाचक्र नगरपालिका-७ पिलिमा प्रथम सहिद स्मृति गोल्डकप हुने भएको छ । दश वर्षसम्म चलेको सशस्त्र द्वन्द्वमा अन्तिम युद्ध भएको पिलिमा प्रथम सहिद स्मृति गोल्ड कप हुने भएको हो ।

तिव्रीकोट फुटबल क्लबले पिलिमा आगामी असोज ८ गतेदेखि खेल सुरु गर्ने पत्रकार सम्मेलन गरी जानकारी गराइएको छ ।

युद्ध पर्यटकीय क्षेत्रमा विकास हुँदै गएको पिलिमा पर्यटन प्रवर्द्धन र राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद भन्ने नाराका साथ प्रथम सहिद स्मृति गोल्डकपको आयोजना गरिएको तिव्रीकोट फुटबल क्लबका अध्यक्ष जीवा मल्लले जानकारी गराउनुभएको छ ।

फुटबल प्रतियोगितामा सहभागी भएर प्रथम हुने टोलीलाई रु एक लाख ५५ हजार पाँच सय ५५, द्वितीय हुने टिमलाई रु ७७ हजार सात सय ७७ र उत्कृष्ट खेलाडीलाई रु ११ हजार एक सय ११ को पुरस्कार राशि राखिएको उहाँले बताउनुभयो ।रासस

# बाढी प्रभावित पाकिस्तानमा थप वर्षा हुने

**सिन्ह्वा**

इस्लामाबाद । पाकिस्तानको मौसम विज्ञान विभागले आगामी चार देखि पाँच दिनसम्म पाकिस्तानका केही स्थानमा मेघगर्जनसहित भारी वर्षाको सम्भावना रहेको जनाएको छ । विभागले जारी गरेको एक रिपोर्टअनुसार देशको माथिल्लो भागमा पानीसहितको बादल प्रवेश गरिरहेको छ र शनिबारदेखि बुधबारसम्म थप बर्षा जारी रहने सम्भावना छ ।

बर्षाले देशको दक्षिणी सिन्ध, दक्षिणपश्चिम बलुचिस्तान र उत्तरपश्चिम खबर पख्तुनख्वा प्रान्तका साथै अन्य क्षेत्रमा वर्षा गराउन सक्छ । वर्षाका कारण पाकिस्तान प्रशासित काश्मिर, खैबर पख्तुनख्वाको पहाडी क्षेत्र, उत्तरी गिलगित-बाल्टिस्तान क्षेत्र र पूर्वी पञ्जाब प्रान्तको गलयत र मुरी क्षेत्रमा पहिरोको जोखिम हुन सक्ने बताइएको छ । राष्ट्रिय विपद्



व्यवस्थापन प्राधिकरण (एनडीएमए)ले बाढी प्रभावित क्षेत्रका अधिकारीहरूलाई मौसम पूर्वानुमान र विद्यमान स्थलगत अवस्थालाई ध्यानमा राखेर सतर्कता अपनाउन निर्देशन दिएको छ ।

पाकिस्तानमा यस वर्षको मनसुनी वर्षा र बाढीका कारण जुन महिनाको मध्यदेखि अहिलेसम्म मृत्यु हुनेको सङ्ख्या एक हजार ३९६ पुगेको छ भने १२ हजार ७२८ जना घाइते भएका छन् ।

# बेलाइत नरेश चार्ल्स तृतीय देशको नयाँ राजा घोषित

**सिन्ह्वा**

लण्डन । राजा चाल्स तृतीयलाई औपचारि करूपमा बेलाइतको नयाँ नरेश घोषणा गरिएको छ । यहाँस्थित सेन्ट जेम्स दरबारमा आयोजित विशेष समारोहमा उहाँलाई नवनरेश घोषणा गरिएको हो । त्यसअघि राजपरिषद्को बैठकले उहाँलाई नयाँ राजाका रूपमा घोषणा गर्ने निर्णय गरेको थियो ।

घोषणासभामा उपस्थित प्रधानमन्त्री लिज ट्रस, पूर्वप्रधानमन्त्री, प्रमुख पादर राजनीतिज्ञ तथा विशिष्ट व्यक्तिले 'ईश्वरले राजाको रक्षा



गरून्' भन्दै नारा लगाएका थिए । गत बिहीबार महारानी एलिजाबेथ द्वितीयको निधन भएपछि बेलाइतको संविधानअनुसार युवराज चार्ल्स स्वतःराजा हुनुभएको हो ।

शनिबार नै उहाँले राजसिंहासन सम्हाल्दै दिवङ्गत महारानीले देश र जनताका निम्ति गर्नुभएको सेवा एवम् जिम्मेवारी आफूले पनि पूर्णइमानदारी एवम् निष्ठाका साथ निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । साथै उहाँले आफ्नी आमाका प्रेरणादायी पथलाई अनुशरण गर्ने दृढता पनि व्यक्त गर्नुभयो ।

राष्ट्रका नाममा गर्नुभएको सम्बोधनमा नवनरेश चार्ल्सले "मलाई यो महान् विरासत र सार्वभौमसत्ताको कर्तव्यबारे अवगत छ, म यो गहन जिम्मेवारी इमानदारी एवम् सजगताका साथ निर्वाह गर्नेछु," भन्नुभयो ।

# पेरुमा १४ महिनामा चार जना विदेशमन्त्रीले राजीनामा दिए



**एएफपी**

लिमा । पेरुका विदेशमन्त्री मिगुएल एन्जल रोड्रिग्वेजले शनिबार राजीनामा दिएका छन् । उनी राष्ट्रपति पेड्रो कास्टिलोको नेतृत्वमा रहेको सरकारमा पद त्याग गर्ने चौथो विदेशमन्त्री हुन् ।

राजनीतिक अस्थिरताबाट गुज्रिएको पेरुमा विदेशमन्त्रीको राजीनामाले थप राजनीतिक अस्थिरता बढाएको छ । कास्टिलोको सरकारले सन् २०२१ जुलाईमा पदभार ग्रहण गरेदेखि हालसम्म दुईवटा महाभियोग सामना गर्दै भ्रष्टाचारलगायत छवटा आपराधिक अनुसन्धानको सामना गरिरहेको छ ।

गत महिना पूर्वप्रधानमन्त्री एनिबल टोरेस क्यास्टिलोको सरकारबाट राजीनामा दिने चौथो व्यक्ति थिए । त्यसपछि अन्य सात आन्तरिक मन्त्रीले पदत्याग गरेका छन् । रोड्रिग्वेजले विदेश मन्त्रालयको ट्विटर सार्वजनिक गर्दै साझा गर्दै राजीनामा घोषणा गरेका थिए । स्थानीय सञ्चारमाध्यमले भर्खरै मन्त्री रोड्रिग्वेज र राष्ट्रपति कास्टिलो बीच विभिन्न मुद्दामा असहमति रहेको सार्वजनिक गरेका थिए ।

वामपन्थी राष्ट्रपति कास्टिलो आफ्ना दक्षिणपन्थी प्रतिद्वन्द्वीबाट निरन्तर आलोचना र अफ्ठेरोमा परेका छन् । पेरुमा राजनीतिक अस्थिरताको अचम्मको शृङ्खला छ । सन् २०२० मा पाँच दिनमा तीनजना राष्ट्रपति भएका थिए भने सन् २०१६ पछि पाँच राष्ट्रपति चुनिएका छन् ।

# आतङ्कवाद पीडितलाई सहयोग

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । आतङ्कवाद पीडितलाई सहयोग सुदृढ गर्ने प्रतिबद्धताका साथ न्यूयोर्कस्तथत संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा आतङ्कवाद पीडितको पहिलो संयुक्त राष्ट्रसङ्घको ग्लोबल कङ्ग्रेस शुक्रबार सम्पन्न भएको छ ।

"आतङ्कवादका पीडितको अधिकार र आवश्यकतालाई अगाडि बढाउँदै" भन्ने विषय रहेको कङ्ग्रेसले आतङ्कवादको सामना गर्न र हिंसात्मक चरमपन्थलाई रोक्न पीडित-केन्द्रित दृष्टिकोण अपनाउने लक्ष्य राखेको, आयोजक संयुक्त राष्ट्रसङ्घको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सो सम्मेलनमा विश्वका २५ देशका करिब १०० जना आतङ्कवाद पीडितसहित ६०० भन्दा



बढी सहभागी उपस्थित थिए । प्रति-आतङ्कवादका उपमहासचिव भ्लादिमिर भोरोन्कोभले अध्यक्षको सारांशको प्रस्तुतीकरणको साथ कङ्ग्रेस सम्पन्न गरिएको थियो ।

आफ्नो टिप्पणीमा उपमहासचिव भोरोन्कोभले आतङ्कवादबाट पीडितको अधिकारलाई प्रवर्द्धन गर्न र उनीहरूको आर्थिक, कानूनी, चिकित्सा र मनोसामाजिक आवश्यकतालाई अझ राम्रोसँग समर्थन गर्न तीन-पक्षीय दृष्टिकोण आवश्यक रहेको बताउनुभएको थियो ।

अध्यक्षको निष्कर्ष मन्तव्यले सन् २०२३ मा आतङ्कवादका पीडितको संयुक्त राष्ट्रसङ्घ कार्यालयमा उपस्थितिको शुरुवातको पनि पूर्वानुमान गर्ने आँकलन गरिएको छ जसले पीडित, पीडित सङ्घ र नागरिक समाजका विभिन्न सङ्गठनलाई आतङ्कवादबाट पीडित र बाँचेकाको अधिकारलाई अगाडि बढाउन एकसाथ ल्याउने विश्वास गरिएको छ । ग्लोबल कङ्ग्रेस आतङ्कवादका पीडितलाई समर्थन गर्न र तिनीहरूको विश्वव्यापी एकतालाई बलियो बनाउनको लागि महत्त्वपूर्ण पहिलो कोसेढुङ्गाको रूपमा लिइएको छ ।

# राष्ट्रपति बाइडेन महारानी एलिजावेथको अन्त्येष्टिमा सहभागी हुने

**एएनआई**

वासिङ्टन । अमेरिकाका राष्ट्रपति जो बाइडेन बेलाइतकी महारानी एलिजाबेथ द्वितीयाको अन्त्येष्टिमा सहभागी हुनुहुने भएको छ । पत्रकारहरूको जिज्ञासाको जवाफमा अमेरिकी राष्ट्रपतिले महारानीको अन्त्येष्टिमा सहभागी हुने घोषणा गर्नुभएको हो ।

बेलाइतका राजा चार्ल्स तृतीयसँग आफूले हालसम्म कुराकानी नगरेको उहाँले बताउनुभयो । "म उहाँलाई चिन्छु तर उहाँसँग कुरा गरेको छैन । मैले उहाँलाई अहिलेसम्म फोन पनि गरेको छैन," ओहायोको कोलम्बसमा एयर फोर्स वानमा सवार हुनुअघि उहाँले पत्रकार माझ भन्नुभयो ।

राष्ट्रपतिसँग औपचारिक प्रतिनिधिमण्डल पनि लण्डन जाने सम्भावना रहेको अमेरिकी प्रसारण संस्था केबल न्यूज नेटवर्कले जनाएको छ । शनिबार राष्ट्रपतिले आफ्नी अर्धाङ्गिनी जिल बाइडेनका साथ यहाँस्थित ब्रिटिस दूतावासमा शोक पुस्तिकामा हस्ताक्षर गर्नुभएको थियो ।



**सङ्कटमा कुमालेको पुर्ख्यौली पेसा**

सुनसरी । सुनसरीको इनरूवास्थित बिहीबारेमा माटोका सामग्री सुकाउँदै स्थानीय कुमाले । आधुनिक तथा प्लास्टिकका सामग्रीको प्रयोग बढेर माटोको भाँडाकुँडाको बजार घटेपछि आधाजसो कुमालेले पुर्ख्यौली पेसा छाडेका छन् । तस्बिर :रासस

# साँगाका तीन सय ४६ घरपरिवारलाई खानेपानी

बनेपा । काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका-१३ र १४ का बासिन्दालाई स्वच्छ खानेपानी वितरण गरिएको छ ।

खानेपानीको समस्या रहेको यहाँका बासिन्दालाई विभिन्न दातृ निकायको सहयोग तथा स्थानीय उपभोक्ताको संयुक्त आयोजनामा साँगाकोट खानेपानी जल उपभोक्ता समितिले डिपबोरिङ खानेपानी परियोजना सम्पन्न गरी दुई वडाका तीन सय ४६ घरपरिवारलाई खानेपानी वितरण गरिएको हो ।

अटोनोमस प्रोभिन्स अफ बोल्जानो इटाली, प्रो नेपाल इटाली र आपसको निम्ति समाज नेपालको सहयोगमा सो परियोजना सम्पन्न भएर खानेपानी वितरण गरिएको उपभोक्ता समितिका संयोजक जीवन श्रेष्ठले बताउनुभयो । खानेपानीआयोजनाकोआजभएको उद्घाटन कार्यक्रममा संयोजक श्रेष्ठले तीन वर्ष अगाडि सुरु गरिएको आयोजना कोभिड-१९ को प्रभावका कारण ढिलो सम्पन्न भएको जानकारी दिनुभयो ।

'शुद्ध पिउने पानी आजको आवश्यकता, सहज उपलब्धता हाम्रो प्रतिबद्धता' भन्ने नाराका साथ 'एक घर, एक धारा' अभियानअन्तर्गत



अहिले तीन सय ४६ घरपरिवारलाई स्वच्छ पिउने पानी वितरण गर्न सफल भएको छ । संयोजक श्रेष्ठले भन्नुभयो, "पानीको मुहान र ट्याङ्की निर्माणको क्षमताअनसुार करिब छ सय घरपरिवारलाई वितरण गर्न सकिने भएकाले बाँकी घरहरूलाई बजेट र आवश्यक व्यवस्थापनको काम सम्पन्न गर्दै वितरण गर्दै जानेछौँ ।"

साँगा आसपासका इटाचा, दिपडोल र गोसिन्चा गाउँमा थप बजेटको व्यवस्थापन गर्दै पाइप र धारा जडान गरी पानी वितरण गर्ने जनाएको छ । रु एक करोड ५१ लाख १९ हजार आठ सय ६८ लागतमा सो आयोजना सम्पन्न भएको हो । सम्पन्न भएको आयोजनाले टाढा-टाढाबाट पानी बोकेर दैनिक घर चलाउने महिलाका लागि अझ थप सहज भएको भन्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले शुभकामना सन्देशमार्फत आयोजना पूर्ण सफलताको शुभकामना व्यक्त गर्नुभएको छ ।

साँगाका स्थानीय समाजसेवी प्रचण्डराजप्रधानले दातृ निकायको सहयोगमा साँगावासीलाई पिउनेपानी उपलब्ध गराउन धेरै कष्ट गरेर सफल भएको बताउनुभयो । पानीको मुहान तल र बस्तीमाथि भएकाले बोरिङ गरी वितरण गरेको पानीलाई थप शुद्धीकरणका लागि प्रशोधन केन्द्र निर्माण गरी वितरण गर्न आवश्यक रहेकाले त्यसका लागि नगरपालिकाबाट सहयोग गर्न स्थानीय बासिन्दाले माग गरेका छन् ।रासस

# उत्पादन बढ्दा माछा, मासु र दूधमा आत्मनिर्भर

बलेवा । व्यावसायिक किसानको सङ्ख्या बढेसँगै बागलुङ माछा, मासु र दूधमा आत्मनिर्भर भएको छ । जिल्लामा पछिल्लो केही वर्ष यता व्यावसायिक पशुपालन तथा माछापालनमा किसान आकर्षित भएका छन् ।

जिल्लाभर वार्षिक एक करोड ५५ लाख ९९ हजार दुई सय तीन लिटर दूध उत्पादन हुने गरेको हो । विश्व खाद्य सङ्गठनको मापदण्डअनुसार एक जना व्यक्तिका लागि वार्षिक ९१ लिटर दूध आवश्यकता हुन्छ । एक लाख ६८ हजार सात सय १३ जनसङ्ख्या रहेको जिल्लामा वार्षिकएक करोड ५३ लाख ५२ हजार आठ सय ८३ लिटर दूध भए पुग्छ । आवश्यकताभन्दा प्रतिव्यक्ति वार्षिक एक दशमलव ४६ लिटर दूध बढी उत्पादन भइरहेको भेटेरीनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रका प्रमुख चिकित्सक ऋषिराम सापकोटाले बताउनुभयो ।

व्यावसायिक किसानलाई स्थानीय सरकारले सहयोग गर्ने र सङ्घीय तथा प्रदेश सरकारका किसान लक्षित कार्यक्रमसमेत व्यावसायिक किसानसँगै पुग्ने भएकाले माछा, मासु र दूधको उत्पादन बढेको हो । उत्पादन बढेसँगै जिल्ला कृषिजन्य तीन उत्पादनमा जिल्ला आत्मानिर्भर भएको हो । आवश्यकताभन्दा बढी उत्पादन भइरहेको दूध छिमेकी जिल्लामा निर्यात हुने गरेको छ । जिल्लाको दक्षिण क्षेत्रबाट छिमेकी जिल्ला पर्वत र पश्चिम क्षेत्रबाट छिमेकी गुल्मीमा दूध निर्यात हुने गरेको तथ्याङ्क भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बागलुङले राखेको छ । केही साना बजारमा छिमेकी जिल्लाबाट आयातसमेत हुने गरेको छ ।

"केही वर्ष पहिलासम्म पोखराबाट दूध ल्याएर बेचिन्थ्यो तर अहिले किसानको घरबाट सिधै दूध हाम्रो डेरी पसलमा आउँछ", मिलन दूध डेरी बागलुङका सञ्चालनक हिरादेवी शर्माले भन्नुभयो,



"पहिलाजस्तो बाहिरबाट ल्याउनुपर्ने अवस्था छैन् ।"

जिल्लाभर ८६ हजार नौ सय २० भैँसी र २१ हजार छ सय ६० गाईपालन भइरहेको तथ्याङ्क केन्द्रसँग छ । यीमध्ये अधिकांश दूध उत्पादन गर्न योग्य छन् । व्यावसायिक र घरायासी प्रयोजनालमई पालिएका पशुचौपायको समय तथ्याङ्क निकालेर केन्द्रले दूधको उत्पादन मूल्याङ्कन गर्ने गरेको सापकोटाले बताउनुभयो । भैँसीपालन गर्ने किसानले मासुका लागि राँगासमेत हुर्काउने गरेका र मासुको उत्पादनमा समेत सहयोग पुग्ने गरेको छ ।

ग्रामीण भेगसम्म सडकको सहज पहुँच, यातायातको सुविधा, उचित मूल्य, स्थानीय तहको उत्पादनमा आधारित अनुदान, घाँस परालको उपलब्धतालगायतले किसानलाई व्यावसायिक पशुपालनमा सहज बनाएको किसान बताउँछन् । हाल बजारमा दूधको मूल्य थोकमा रु ७० देखि ९०तथा खुद्रा एक सयदेखि एक सय २० मा बिक्री हुँदै आएको छ । दुधालु गाईभैँसीले एकै बेतमा करिब रु एक लाख मूल्य बराबरको दूध दिने भएपछि अधिकांश वैदेशिक रोजगारीबाट फर्किएका युवाको पशुपालनमा आकर्षण छ । पछिल्लो समय दाना, चोकर र परालगायत पशुपालनका लागि आवश्यक सामग्रीमा ठूला व्यवसायीको एकाधिकार, दूधको मूल्यमा सिन्डिकेटलगायतले अझै अपेक्षित मूल्य पाउन नसकेको किसानको गुनासो छ ।

त्यस्तै जिल्लाभर वार्षिक २५ लाख ५० हजार नौ सय ४० किलो माछामासु उत्पादन हुने गरेको छ । विश्व खाद्य सङ्गठनको मापदण्डअनुसार एक जना व्यक्तिका लागि वार्षिक १४ किलो माछामासु आवश्यकता हुन्छ । एक लाख ६८ हजार सात सय १३ जनसङ्ख्या रहेको जिल्लामा वार्षिक२३ लाख ६१ हजार नौ सय ८२ किलो माछामासु भए पुग्छ । आवश्यकताभन्दा प्रतिव्यक्ति वार्षिक एक दशमलव १२ किलो माछा मासु बढी उत्पादन भइरहेको विज्ञ केन्द्रका प्रमुख चिकित्सक सापकोटा बताउनुहुन्छ ।

"किसानले उत्पादन बढाउनु खुसीको कुरा हो, उपलब्धताका हिसाबले हामी माछामासु र दूधमा आत्मनिर्भर भएका छौँ", सापकोटाले भन्नुभयो, "किसानको आयस्तर बढाउनमा समेत यसले सहयोग गरेको छ ।" बागलुङमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले बाख्रा जोन कार्यक्रम सञ्चालनमा ल्याएको छ । चरण क्षेत्र राम्रो रहेका जैमिनी नगरपालिका, बागलुङ नगरपालिकाको बलेवा क्षेत्र र बरेङ गाउँपालिका समेटेर तय गरिएको बाख्रा जोन कार्यक्रमले पनि मासुको उत्पादनमा सहयोग गरेको हो । त्यस्तै जिल्लाको ढोरपाटन नगरपालिका, गलकोट नगरपालिका, तमानखोला गाउँपालिका र निसीखोला गाउँपालिकामा केही किसानले व्यावसायिकरुपमा भेडापालन समेत गर्ने गरेका छन् ।

व्यावसायिकरुपमा कालिज पाल्ने, स्थानीय जातका कुखुरा पाल्ने र उन्नतजातका खुकुरा पाल्नेको सङ्ख्यासमेत धेरै रहेको विज्ञ केन्द्रका प्राविधिक अधिकृत केशव शर्माले बताउनुभयो । मासुकै उत्पादनका लागि, बोका, साढे, राँगा, कुखुरा बङ्गुर र सुँगुर उत्पादन बढाउँदा जिल्ला मासुमा आत्मनिर्भर भएको किसानको बुझाइ छ ।

जिल्लाभर एक लाख २७ हजार चार सय बाख्रा, आठ हजार तीन सय भेडा, १५ हजार तीन सय २१ सुँगुर/बङ्गुर, पाँच लाख ८९ हजार आठ सय ८० कुखुरा, तीन हजार छ सय ४० हाँस र तीन सय ४५ वटा खरायो पालिएको तथ्याङ्क छ । गत असार मसान्तसम्मको तथ्याङ्कलाई हेर्दा ८५ वटा पोखरीमा विभिन्न जातका माछापालन किसानले गरिरहेका छन् ।

"जिल्लालाई पुग्ने गरी माछामासुको उत्पादन छ, बढी भएको माछामासु बाहिर निर्यात हुन्छ", शर्माले भन्नुभयो, "यहाँबाट भेडा, बाख्रा र राँगाको मासुको लागि बढी निर्यात हुने गरेका छन् ।" किसानले करोडौँ लगानी गरेर फार्म सञ्चालन गर्नेदेखि परम्परागत पशुपालन तथा माछापालनलाई स्तरोन्नति गरेर उत्पादन बढाएका हुन् । कृषि तथा पशुजन्य उत्पादन वृद्धिका लागि यहाँका हरेक स्थानीय तहले एक करोडदेखि तीन करोडसम्म हरेक वर्ष लगानी गर्ने गरेका छन् ।रासस

# जाजरकोटमा सहुलियत कर्जा लागू गर्न बाणिज्य बैंक सहमत

जाजरकोट । स्थानीय तहमा सहुलियत कर्जा प्रवाह गर्न जिल्लामा रहेका बाणिज्य बैंकका शाखा सहमत भएका छन् । जिल्लाका सातै पालिकामा रहेका बैंकमार्फत सहुलियत कर्जा कार्यक्रम लागू गरी सहुलियत कर्जा लागू गर्नका लागि वित्तीय साक्षरता तथा सहुलियत कर्जासम्बन्धी नीतिगत छलफलसमेत सम्पन्न भएको छ ।

उक्त छलफलमा प्रदेशसभा सदस्य गणेशप्रसाद सिंह, नलगाड




स्थानीय बासिन्दालाई आयआर्जनमा सघाउन पहल गरिएको पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य गणेशप्रसाद सिंहले बताउनुभयो ।

जाजरकोटमा हालसम्म राष्ट्रिय बाणिज्य बैंकहरूले सहुलियत कर्जा कार्यक्रम लागू गरेका छैनन् । राष्ट्रिय वाणिज्य बैंकको केन्द्रीय कार्यालयमा भएको छलफलपछि प्रदेशस्तरका प्रमुखको छलफल गरी जिल्लामा पालिका प्रमुखसँगको अन्तर्क्रियासमेत गरिएको छ । निजी तथा सरकारीस्तरको बैंकले जाजरकोटका सबै पालिकामा नगरपालिकाका प्रमुख डम्बर रावत, छेडागाडका नगरप्रमुख रत्न खड्का, बारेकोट गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरी, कुशे गाउँपालिकालिकाकी उपाध्यक्ष देविका सिंह, भेरी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत दलबहादुर घर्ती, शिवालयका उपाध्यक्ष गीता शाही, जुनीचाँदेका उपाध्यक्ष वीरेन्द्र शाही, प्रमुख जिल्ला अधिकारी रामबहादुर शाही, एनआइसी एशिया बैंकमा कर्णाली प्रमुख राजनप्रसाद पोखरेल, राष्ट्रिय वाणिज्य बैंकका कर्णाली प्रमुख शिवप्रसाद चालिसे, कृषि विकास बैंकका कर्णाली प्रमुख खुर्सेद अहमत, ग्लोबल बैंकमा विष्णु आर्याल, सिभिल बैंकका दीपक जोशी र लक्ष्मी बैंकका शैलेन्द्रराज पाण्डेको सहभागिता थियो ।

जिल्लामा कृषि सहुलियत कर्जा कार्यक्रम लागू गर्ने विषयमा स्थानीय तहका प्रमुखले तत्काल कार्यान्वयन गरेर जानुपर्ने धारणा राख्दै आएका छन् । व्यावसाय गर्ने उद्देश्यले आफू धेरैपटक कर्जाका लागि बैंक गए पनि आफूहरूले ऋण नपाएको भन्दै छलफलमा सहभागीले बैंकको आलोचनासमेत गरेका थिए । दुर्गममा बैंकले लगानी गर्ने कुरामा आनाकानी गर्नुपर्ने अवस्थाको अन्त्य गर्नुपर्ने भन्दै प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री सिंहले पालिकाले जोखिम न्यूनीकरण कोषसमेत स्थापना बताउनुभयो ।

आर्थिक अभावका कारण व्यवसाय गर्न नपाएका युवा भारत तथा अन्य मुलुकमा जानुपरेको पीडा सुनाउँदै उहाँले कृषिमा आत्मनिर्भर बन्न जुट्नुपर्ने बताउनुभयो । पालिकास्तरमा रहेका बैंकमार्फत सहुलियत कृषि कर्जा लिएर धमाधम कृषि उद्यम सुरु गर्ने बाटो खुलेको भन्दै नलगाड नगरपालिकाका नगरप्रमुख डम्बर रावतले बैंकलाई परेको अप्ठ्यारा हल गरिनेसमेत बताउनुभयो ।रासस

# उखु किसानले अझै पाएनन् अनुदान रकम

सर्लाही । सर्लाहीका उखु किसानले समयमै अनुदानको रकम पाउन नसक्दा मर्कामा परेका छन् । जिल्लामा एकमात्र नगदे बालीको उखुखेती लामो समयदेखि गर्दै आएका किसानलाई सरकारले अनुदान दिने घोषणा गरे पनि राज्यबाट पाउनुपर्ने अनुदान रकम समयमा सरकारले भुक्तानी नपठाउँदा किसान मर्कामा परेका हुन् ।

जिल्लामा सञ्चालित केही उद्योगले किसानलाई उखु खरिद गरेको रकम भुक्तानी दिएको भए पनि केही उद्योगले किसानको उखु खरिदवापतको रकम नदिएको भन्दै जिल्लाका किसान आन्दोलनमा जानुपरेको थियो ।

आन्दोलित किसानका माग पूरा गर्न प्रशासनको पहलमा केही रकम भुक्तानी भएको जिल्लाका उखु उत्पादक किसान रामेश्वर महतोले बताउनुभयो । उहाँका अनुसार जिल्लाका केही उद्योगले किसानको रकम समयमै



भुक्तानी गरे पनि केही उद्योगले रकम भुक्तानी नगर्दा आफूहरूले पटक-पटक आन्दोलन गर्नुपरेको बताउनुभयो ।

उद्योगहरूले दिने रकम किसानको आन्दोलन, सरोकारवाला निकायको पहलबाट रकम उठ्ने क्रम जारी रहेको भए पनि सरकारले दिने अनुदान रकम नपाउँदा आफूहरू मारमा परेको उखु उत्पादक किसान रामकेशव साहले बताउनुभयो । गत वर्ष उखु बेचेका उखु किसानले हालसम्म पनि अनुदान रकम भुक्तानी नपाउँदा घर-व्यवहार चलाउन गाह्रो भएको जिल्लाका किसानको गुनासो छ । नेपाल सरकारले दिने भनेको अनुदानको रकमसमेत समयमा उपलब्ध नगराउँदा किसानलाई मल तथा उखुखेतीका लागि आवश्यक सामग्री बजारबाट खरिद गर्न समस्या परेको नेपाल उखु उत्पादक सङ्घका केन्द्रीय अध्यक्ष कपिलमुनी मैनाली बताउनुहुन्छ ।

गत आर्थिक वर्षका लागि नेपाल सरकारले उद्योग र किसान प्रतिनिधिबीच भएको सहमतिअनुसार उद्योगले प्रतिक्विन्टल रु पाँच सय २० र नेपाल सरकारले रु ७० अनुदान रकम दिने सहमति भएको तर रकम पाउन नसकेको उखु किसान राजकुमार उप्रेतीले बताउनुभयो ।

यता चिनी उद्योगीले समयमा किसानको उखु बिक्रीको तथ्याङ्क उपलब्ध नगराएकाले किसानको खातामा पैसा पठाउन नसकेको कोष तथा लेखा नियन्त्रण कार्यालय सर्लाहीका प्रमुख कोष नियन्त्रक जीवन पुरीले बताउनुभयो । उहाँले उद्योगीलाई चाँडै किसानले उखु बिक्रीको तथ्याङ्क पठाउन ताकेता गरिएको र उद्योगले तथ्याङ्क पठाएलगत्तै अनुदान रकम पठाउने प्रक्रिया अघि बढाइने बताउनुभयो ।

जिल्लामा तीनवटा उखु मिल रहेका छन् । जसमा इन्दुशङ्कर चिनी उद्योग हरिवनले सबै रकम भुक्तानी गरिसकेको छ भने महालक्ष्मी सुगर मिल र धनकौल सुगर मिलले भुक्तानी गर्न बाँकी नै रहेको छ ।रासस

# ठूला पूर्वाधार परियोजनामा लगानी बढाउन उपाध्यक्ष ढकालको आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रद्वारा प्रवर्द्धित ठूला पूर्वाधार परियोजनामा लगानी बढाउन एशियाली विकास बैंकलाई आग्रह गरेका छन् ।

शनिबार राजधानीमा एशियाली विकास बैंकका उपाध्यक्ष अशोक लाभाषासँगको भेटमा ढकालले उक्त कुरा व्यक्त गरेका हुन् । ग्लोबल आइएमई बैंकका अध्यक्ष समेत रहेका ढकालले निजी क्षेत्रसँगको सहकार्यमा निजी क्षेत्रद्वारा प्रवर्द्धित पूर्वाधार विकासका

ठूला-ठूला परियोजनामा एशियाली विकास बैंकलाई लगानीका लागि आग्रह गरेका हुन् । 'मुलुकको विकासमा पूर्वाधारको महत्वपूर्ण भूमिका रहन्छ। यहाँहरुले यस्ता पूर्वाधारको क्षेत्रमा लगानी बढाउँदा पूर्वाधारको विकासमा सहयोग पुग्नुकासाथै मुलुकको समग्र विकासमा समेत ठूलो योगदान पुग्न सक्छ' उनले भने ।

निजी क्षेत्रद्वारा प्रवर्द्धित ठूला-ठूला पूर्वाधारका परियोजनामा लगानीको प्रशस्त सम्भावनाहरू छन्। स्रोतको अभावमा नेपालको निजी क्षेत्रले ठूलाठूला



पर्यटन, जलविद्युत, सडक, होटललगायतका पूर्वाधारमा लगानी गर्न सकेको छैन। यस क्षेत्रमा एशियाली विकास बैंकले लगानी विस्तार गर्नुपर्‍यो,' ढकालले भने । ढकालले नेपालको बैंकिङ क्षेत्र लगानीयोग्य पुँजीको अभावबाट गुज्रिरहेको बताउँदै यसको समाधानका लागि पनि एशियाली विकास बैंकको सहयोग आवश्यक रहेको बताए ।

उक्त अवसरमा एशियाली विकास बैंकका उपाध्यक्ष लाभाषाले एशियाली विकास बैंक यसमा सकारात्मक रहेको बताउँदै नेपालको निजी क्षेत्रसँग सहकार्य गरी सम्भावना रहेका पूर्वाधारका परियोजनामा लगानीका लागि तयार रहेको बताए । भेटमा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य तथा एशियाली विकास बैंकका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो ।

# जुटेन सहमति, गठबन्धनको बैठक फेरि बस्ने

**टुडे समाचारदाता**

काठमाण्डु । सत्ता गठबन्धनका शीर्ष नेताहरूको छलफल बिनानिष्कर्ष सकिएको छ । आगामी निर्वाचनमा चुनावी तालमेल गर्दा कुन दलले कति सिट लिने भन्ने विषयमा सहमति जुटाउन भन्दै प्रधानमन्त्री सरकारी निवास बालुवाटारमा शनिबार बसेको गठबन्धनका शीर्ष नेताहरूसहित कार्यदलका नेताहरूको बैठक सहमतिमा पुग्न नसकेको हो ।

'सिट बाँडफाँटबारे छलफल भयो । तर सहमति भएन,' जनता समाजवादी पार्टीका प्रवक्ता मनिष सुमनले भने,'आइतवार ८ बजे फेरि बैठक बस्नेछ ।'

गठबन्धनमा रहेका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले साउन २० मै आगामी चुनावमा तालमेल गर्ने सहमति गरेका थिए भने त्यही दिन कृष्णप्रसाद सिटौलाको नेतृत्वमा ११ सदस्यीय कार्यदल बनाएका थिए । तर, कार्यदलले दर्जनौं पटक छलफल गरे पनि सिट बाँडफाँटका विषयमा टुंगो लगाउन सकेको छैन । कार्यदलले एकमात्रै दलको दाबी रहेका करिब ९० सिटमा समझदारी जुटाएर शीर्ष नेताहरूलाई प्रतिवेदन बुझाएको छ । एकभन्दा बढी दलको दाबी रहेका निर्वाचन क्षेत्रका विषयमा शीर्ष नेताहरूबीच समझदारी बनेको छैन । त्यसो त, अहिलेसम्म कुन दलले कति सिट लिने भन्नेसमेत टुंगिएको छैन ।

> गठबन्धनमा कांग्रेसले १०० सिट दाबी गरेको छ भने माओवादी केन्द्रले ६०, एकीकृत समाजवादीले ४०, जसपाले ३२ र जनमोर्चाले २ सिटमा दाबी गरेका छन् । सबै दलहरू आफ्नो दाबीबाट पछि हट्न तयार नहुँदा समस्या भइरहेको नेताहरूको भनाइ छ ।

गठबन्धनमा कांग्रेसले १०० सिट दाबी गरेको छ भने माओवादी केन्द्रले ६०, एकीकृत समाजवादीले ४०, जसपाले ३२ र जनमोर्चाले २ सिटमा दाबी गरेका छन् । सबै दलहरू आफ्नो दाबीबाट पछि हट्न तयार नहुँदा समस्या भइरहेको नेताहरूको भनाइ छ । सिट बाँडफाँटमा महिनौंसम्म सहमति जुटाउन नसके पनि अहिल्यै गठबन्धन टुट्ने सम्भावना भने नरहेको नेताहरूको भनाइ छ ।

शुक्रबार सिट बाँडफाँटको निर्णायक छलफल गर्ने भनिए पनि नेताहरू काठमाण्डुबाहिर गएका कारण बैठक बस्न सकेको थिएन । नेताहरूले शनिबारको बैठकलाई भने निर्णायक बैठक भनेका थिए । तर सहमतिमा पुग्न सकेन । समानुपातिकतर्फ उम्मेदवारको सूची बुझाउने दिन नजिकिँदा दलहरूलाई सिट बाँडफाँट टुंग्याउन दबाब बढेको छ ।

# पितृ तर्पण शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । दिवंगत बुबाको सम्झनामा मनाइने पितृ तर्पण शुरु भएकोछ । शनिबारदेखि जनकपुरधामसहित विभिन्न जलासयमा पुगेर पितृपक्ष अर्थात् सोह्र श्राद्धअन्तर्गत तर्पण शुरु भएको हो ।

बुबाको सम्झनामा १५ दिन सम्म सन्तानले कुश हातमा लिई मन्त्रोच्चारणसहित तर्पण दिने गरिन्छ । यो पर्वमा कुश, तील, जौ र फुली लिएर पोखरीमा विशेष पूजा गर्ने गर्छन । यसमा काँक्रो दान गर्ने चलनसमेत रहेको छ । तर्पण गर्दा स्वर्गीय भइसकेका पूर्वजहरुलाई शान्ति प्राप्त हुने जनविश्वास रहेको छ ।

आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्म १५ तिथिमा दिवंगत पितृलाई सम्मान गर्दै तर्पण, सीदादान र पिण्डदान गरिने परम्परा रहेको छ । सोह्रश्राद्ध गर्नाले पितृप्रतिको आफ्नो दायित्व पूरा हुनाका साथै पितृऋणबाट पनि मुक्त हुने धार्मिक जनविश्वास रहिआएको छ ।

विगतमा यस छोराले मात्रै तर्पण दिने गरेका थिए । तर पछिल्लो समय छोरीहरु पनि दिवंगत बुबालाई तर्पण दिने गरेका छन् । जनकपुरधामको गंगा सागर पोखरीसहितको जलासयमा शनिबार तर्पण दिनेहरुको भिँड लागेको थियो ।



जनकपुरधामको गंगा सागरमा तर्पण गर्दै सर्वसाधारण । तस्विर : संजय/टुडे

# शहीद केशव कोइराला सभाकक्षको उद्घाटन

**राजन झा**

जनकपुरधाम । नेपाली प्रजातान्त्रिक आन्दोलनका अमर शहीद केशव कोइरालाको स्मृतिमा निर्मित 'शहीद केशव कोइराला सभाकक्ष' शुक्रबार उद्घाटन गरिएको छ । महोत्तरीको मटिहानी नगरपालिका-८ स्थित श्रीराम माध्यमिक विद्यालय परिसरमा निर्मित सभाकक्ष नगरप्रमुख हरिप्रसाद मण्डलले उदघाटन गरेका छन् । ३७ लाख लागतमा मटिहानी नगरपालिकाले सो सभाकक्ष निर्माण गरेको हो । विसं २००७ मा पूर्वी नेपालको ओखलढुङ्गामा जन्मेर महोत्तरीलाई प्रजातान्त्रिक आन्दोलनको कर्मक्षेत्र बनाएका शहीद कोइरालाको सहादतलाई चिरस्थायी बनाउन सभाकक्ष निर्माण गरिएको मटिहानी नगरपालिकाले जनाएको छ । नेपाली कांग्रेसमा आबद्ध भएर प्रजातन्त्र पुनःस्थापनाको आन्दोलनमा होमिएका कोइरालाको सहादतले आफ्नो ठाउँ धार्मिकस्थल मात्र नभएर शहीद भूमि पनि बनेको नगरप्रमुख मण्डलको भनाइ छ ।



मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस) मा अध्ययनरत रहेकै बेला कांग्रेसको सशस्त्र आन्दोलनमा लागेका कोइरालालाई महोत्तरीवासीले आदरका साथ सम्झने गरेका छन् । कोइरालाले २०३१ साल साउन ३१ गते मटिहानी प्रहरीचौकीमा प्रतीकात्मक बम विष्फोट गर्ने क्रममा प्रहरीको गोली लागेर निधन भएको थियो ।

मटिहानी प्रहरीचौकीमा विष्फोटको योजना बनाउने तत्कालीन नेपाली कांग्रेसका नेता गणेश नेपाली, बलराम शर्मा, महेश कोइराला, श्रीधर झा र केशव कोइरालामध्ये २०३१ साल साउन ३१ गते राति चौकीमा विष्फोटको जिम्मेवारी साथीहरुबीच लिएका कोइरालाले विष्फोट गराएलगत्तै प्रहरीले गरेको फायरिङमा उनको निधन भएको थियो । कोइराला कलकलाउँदो २४ वर्षे उमेरमा काखकी छोरी र पत्नीलाई छाडेर प्रजातान्त्रिक आन्दोलनमा लागेका थिए । शहीद कोइरालाका परिवारमा धर्मपत्नी गुणकुमारी, छोरी समिता र छोरीतर्फका दुई नाति रहेका छन् । समिताका पति उज्जल बराल कांग्रेस सिन्धुलीका नेता छन् ।

महोत्तरीको मटिहानी नगरपालिका-८ स्थित श्रीराम माध्यमिक विद्यालय परिसरमै रहेको सहादतस्थलमा शहीद स्मारकस्थल निर्माणाधीन छ । अब आउने माघ १६ गते शहीद दिवसको दिन शहीद केशव कोइरालाको अर्धकदको ढलोटको प्रतिमा अनावरण गरिने कार्यक्रम उनको ४८ औं स्मृति दिवसकै अवसरमा गत साउन ३१ गते मटिहानीमा घोषणा गरिएको थियो । विसं २०५४ मा पूर्वप्रधानमन्त्री स्व कृष्णप्रसाद भट्टराईले सहादतस्थल पार्क निर्माण कार्यको शिलन्यास गरेका थिए । शहीद कोइरालाको सहादतस्थलमा अग्लो चतुर्भजाकारको किल्ला बनाएर फलामे घेरा लगाउने योजनासाथ शिलान्यास गरिएको काम केही अघि बढे पनि सम्भार र संरक्षणको पक्ष अत्यन्त कमजोर रहेको मटिहानीवासी बताउँछन् । सहादतस्थलको मर्मतसम्भार र सरसफाइमा सम्बद्धपक्ष उदासिन देखिएका मटिहानीवासीको गुनासो छ । 'शहादतस्थल रुग्ण खण्डहरजस्तो देखिन्छ, यसको सम्भारमा मटिहानी नगरपालिका र सामाजिक सङ्घ संस्थाले चासो देखाउन आवश्यक छ', मटिहानीकै बासिन्दा नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य विजयकुमार साह बताउँछन् ।

शहीद कोइरालाको स्मृतिमा ' शहीद केशव कोइराला स्मृति प्रतिष्ठान मटिहानी (महोत्तरी)' स्थापित छ । प्रतिष्ठानले सहादतस्थलको सम्भारमा बढी जिम्मेवारी बहन गर्नुपर्ने साहको भनाइ छ । सहादतस्थलमा पार्क निर्माणको काम पछिल्ला दुई आर्थिक वर्षयता नियमित हुँदै आएको छ । सहादतस्थलको पार्कमा चौतर्फा डण्डी फेर्ने, सहादतस्थलमा खरीढुङ्गा ओछ्याउने र परिसरलाई घेर्ने काम भए पनि नियमित सरसफाइ नभएको गुनासो बढी छ । सहादतस्थलसम्बन्धी कामका लागि मटिहानी नगरपालिकाले विगत वर्षहरुमा प्रतिष्ठानलाई रकम उपलब्ध गराएको मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डल बताउछन् ।

'हामीले शहीद केशव कोइरालाको सहादतस्थललाई विशेष ठाउँका रुपमा विकास गर्न चाहेका छौँ, यसको प्रयत्न पनि गरिँदै आएको हो', नगरप्रमुख मण्डल भन्छन्-'यसमा केही त्रुटि औँल्याइएका छन्, हामी त्यसलाई सच्याएर अघि बढ्नेछौँ ।' अब मटिहानी-जलेश्वर सडकको नामाकरण शहीद केशव कोइराला मार्ग गरिनुपर्ने र उनको सहादतस्थल अहिलेको श्रीराम माध्यमिक विद्यालय परिसरमा मित्रराष्ट्र भारतको सहयोगले बनेको विद्यालय भवनको नामकरण शहीद केशव सदन राखिनपर्ने पनि प्रतिष्ठान मटिहानी (महोत्तरी)का कार्यवाहक अध्यक्ष वैजु मण्डलको माग छ ।

'नगरपालिकाले कोइरालाको नाउँमा सभाकक्ष निर्माण गरेर प्रशंसनीय काम गरेको छ', प्रतिष्ठानका कार्यवाहक अध्यक्ष मण्डलले भने-' अब मटिहानी-जलेश्वर सडक र श्रीराम मावि भवनको नाम शहीदका नाममा गर्न पहलकदमी नगरपालिकाले नै लिनपर्छ ।'

# लोसपा रौतहटले प्रत्यक्षमा १५ र समानुपातिकमा २३ उम्मेदवारको नाम गरे सिफारिस

**राकेश यादव**

रौतहट । आगामी मंसिर ४ मा हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनका लागि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल रौतहटले ४ निर्वाचन क्षेत्र र ८ वटा प्रदेश सभाको लागि सम्भावित उम्मेदवारको नाम सिफारिस गरेका छन ।

लोसपा जिल्ला कार्य समितिको बसेको बैठकबाट प्रतिनिधि सभा र प्रदेश सभाको लागि प्रत्यक्ष तर्फ र समानुपातिक तर्फको उम्मेदवारको नाम सिफारिस गरेको छ ।

प्रत्यक्ष तर्फ प्रतिनिधि सभाको लागि रौतहट निर्वाचन क्षेत्र नम्बर १ बाट अनिल कुमार झा , निर्वाचन क्षेत्र नम्बर २ बाट प्रमोद पटेल , निर्वाचन क्षेत्र नम्बर ३ बाट खेना राय यादव र ४ बाट राम बालक राय गढ़ीमाई नगरपालिका ५ को नाम सिफारिस गरिएको हो ।

त्यस्तै प्रदेश सभा सदस्यको लागि निर्वाचन क्षेत्र नम्बर १ को 'क' बाट बाबूलाल साह कानू , लीला प्रसाद साह , शम्भू सुप्रीम , १ को 'ख' बाट विन्देश्वर प्रसाद यादव ,उपेन्द्र यादव, प्रदेश सभा १ 'क' बाट शेख जमशैद , २ 'ख' बाट परबेज आलम , ३ 'क' बाट हविव मंसूरी ३ 'ख' बाट शिव शंकर पांडेय , राजा हुसैन , ४ 'ख' बाट राजीव कुमार गुप्ताको प्रत्यक्ष बाट सिफारिस गरिएको जिल्ला कार्य समितिले जनाएको छ । प्रदेश सभा ४ को 'क' बाट कुनै उम्मेदवारको नाम सिफारिस गरिएको छैन ।

समानुपातिक प्रतिनिधि सभा उम्मेदवारको लागि ४ जना सकुन्तला देवी पटेल , शान्ति देवी झा , नीलम वर्मा र प्रेम नारायण झाको नाम सिफारिस गरिएको हो । प्रदेश सभाको लागि १९ जनाको नाम सिफारिस गरिएको छ!

सिफारिस हुनेमा बबिता सिंह , कमली देवी , किशोर सिंह , शेख सवीर हुसैन , वीरेन्द्र साह गढ़ीमाई ७ , राम कुमारी देवी ठाकुर माधव नारायण ३ , सुरेन्द्र प्रसाद पटेल गढ़ीमाई ५ , शिबानी कुमारी गरुडा ५ , विन्दा प्रसाद पाल गरुडा ८, विकाश चौधरी, शम्भू प्रसाद जैसवाल बौधिमाई ९ , ओम लोक सिंह परोहा ८ , महमूदीन मंसूरी माधव नारायण ५ , पुस्पा सिंह दुर्गा भगवती ५ मुकेश झा दुर्गा भगवती ३ , राम प्रबेश दास कटहरिया ३ वीणा कुशावहा माधव नारायण ७ र किरण देवी दुर्गाभगवती रहेका छन् ।

# 'टिकट वितरणमा गुटवन्दी हावी'

**अजमल मिकरानी**

मलंगवा । नेपाली कांग्रेसका नेता एवं सर्लाही जिल्ला निर्वाचन क्षेत्र न-४ "ख"बाट प्रदेश सभा सदस्यका लागि सम्भावीत उमेदवार रामकृत सिंह कुशवाहाले देशकै सबैभन्दा पुरानो र ठूलो राजनीतिक दलको रुपमा रहेको नेपाली कांग्रेसको जिल्ला कार्यसमिति सर्लाहीमा गुटबन्दीको राजनीति हावी भइरहेको आरोप लगाएका छन् ।

सदरमुकाम मलंगवा स्थित बालमन्दिरको प्रांगणमा पत्रकार सम्मेलन गरी नेता कुशवाहाले यस्तो आरोप लगाउदै नहुनुपर्ने कार्य भई रहेको प्रति आपति जनाएका छन् ।

एउटै जिल्लामा दुई वटा समूहमा विभाजन भइसकेको जिल्ला कमिटी सर्लाहीले छुट्टाछुट्टै रुपमा कार्यक्रमहरु संचालन गरेर जनतालाई रन भुल्लमा पारिरहेको नेता कुशवाहाले बताए ।

गत भदौ २१ गते जिल्लाको क्षेत्र न-४ अन्तर्गत धनकौल गाउँपालिकामा पार्टीको एक समूहले आयोजना गरेको क्षेत्रीय भेलामा आफूपनि सहभागी भएको र उक्त भेलामा मन्तव्य मार्फत मैले पनि केही कुराहरु राख्छु भनि अनुरोध गर्दा आयोजक पक्षले आलटाल गर्दै अनुमति दिन नमानेपछि मञ्चमै गएर विरोध गरेपछि मात्र भेलामा उपस्थित भएका जनताहरु समक्ष आफ्नो भनाईहरु राख्ने मौका पाएको नेता कुशवाहाले पत्रकारहरु समक्ष गुनासो गरे । त्यति ठूलो कार्यक्रम हुँदापनि सर्लाही जिल्लाका एउटा पनि पत्रकारहरुलाई नबोलाएको देखेर पार्टी भित्र ठूलो षड्यन्त्र भइरहेको उनले बताए ।

चुनावको मुखमै आएर टिकट वितरण लाई लिएर पार्टी भित्र ठुलो चलखेल र राजनीति भइरहेकोले कार्यकर्ताहरु मात्र नभइ आम जनताहरु समेत अन्यौलमा परेको भन्दै नेता कुशवाहाले चिन्ता व्यक्त गरे ।

आफ्नो जन्म ब्रह्मपुरी गाउँपालिकामा भएपनि बसाईंसराइ गराएर गोडैता नगरपालिकाको वडा न-११ सिसौटियामा बस्दै आएकोले जन्मभूमि जहाँ भएपनि कर्मभूमि क्षेत्र न-४ को जनताहरुको सेवक बनेर निस्वार्थ रुपमा सेवा गर्ने उनले पत्रकारहरु समक्ष प्रतिबद्धता व्यक्त गरे ।

जित हार जनताको हातमा रहेकोले आफूले चुनाव नजितेपनि आफ्नो सारा जीवन क्षेत्र न-४ का जनताहरुको सेवामा समर्पित गर्ने नेता कुशवाहाले पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरेका थिए ।

# उखु किसानले अझै पाएनन् अनुदान रकम

टुडे समाचारदाता

सर्लाही । सर्लाहीका उखु किसानले समयमै अनुदानको रकम पाउन नसक्दा मर्कामा परेका छन् । जिल्लामा एकमात्र नगदे बालीको उखुखेती लामो समयदेखि गर्दै आएका किसानलाई सरकारले अनुदान दिने घोषणा गरे पनि राज्यबाट पाउनुपर्ने अनुदान रकम समयमा सरकारले भुक्तानी नपठाउँदा किसान मर्कामा परेका हुन् ।

जिल्लामा सञ्चालित केही उद्योगले किसानलाई उखु खरिद गरेको रकम भुक्तानी दिएको भए पनि केही उद्योगले किसानको उखु खरिदवापतको रकम नदिएको भन्दै जिल्लाका किसान आन्दोलनमा जानुपरेको थियो । आन्दोलित किसानका माग पूरा गर्न प्रशासनको पहलमा केही रकम भुक्तानी भएको जिल्लाका उखु उत्पादक किसान रामेश्वर महतोले बताए । उनका अनुसार जिल्लाका केही उद्योगले किसानको रकम समयमै भुक्तानी गरे पनि केही उद्योगले रकम भुक्तानी नगर्दा आफूहरूले पटक-पटक आन्दोलन गर्नुपरेको बताए ।

उद्योगहरूले दिने रकम किसानको आन्दोलन, सरोकारवाला निकायको पहलबाट रकम उठ्ने क्रम जारी रहेको भए पनि सरकारले दिने अनुदान रकम नपाउँदा आफूहरू मारमा परेको उखु उत्पादक किसान रामकेशव साहले बताए । गत वर्ष उखु बेचेका उखु किसानले हालसम्म पनि अनुदान रकम भुक्तानी नपाउँदा घर-व्यवहार चलाउन गाह्रो भएको जिल्लाका किसानको गुनासो छ ।

नेपाल सरकारले दिने भनेको अनुदानको रकमसमेत समयमा उपलब्ध नगराउँदा किसानलाई मल तथा उखुखेतीका लागि आवश्यक सामग्री बजारबाट खरिद गर्न समस्या परेको नेपाल उखु उत्पादक सङ्घका केन्द्रीय अध्यक्ष कपिलमुनी मैनाली बताउछन् ।

गत आर्थिक वर्षका लागि नेपाल सरकारले उद्योग र किसान प्रतिनिधिबीच भएको सहमतिअनुसार उद्योगले प्रतिक्विन्टल पाँच सय २० र नेपाल सरकारले ७० अनुदान रकम दिने सहमति भएको तर रकम पाउन नसकेको उखु किसान राजकुमार उप्रेतीले बताए ।

यता चिनी उद्योगीले समयमा किसानको उखु बिक्रीको तथ्याङ्क उपलब्ध नगराएकाले किसानको खातामा पैसा पठाउन नसकेको कोष तथा लेखा नियन्त्रण कार्यालय सर्लाहीका प्रमुख कोष नियन्त्रक जीवन पुरीले बताए । उनले उद्योगीलाई चाँडै किसानले उखु बिक्रीको तथ्याङ्क पठाउन ताकेता गरिएको र उद्योगले तथ्याङ्क पठाएलगत्तै अनुदान रकम पठाउने प्रक्रिया अघि बढाइने बताए ।

जिल्लामा तीनवटा उखु मिल रहेका छन् । जसमा इन्दुशङ्कर चिनी उद्योग हरिवनले सबै रकम भुक्तानी गरिसकेको छ भने महालक्ष्मी सुगर मिल र धनकौल सुगर मिलले भुक्तानी गर्न बाँकी नै रहेको छ ।

# सर्लाहीमा जंगली हात्तीको आक्रमण

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा जङ्गली हात्तीले दुईवटा घर भत्काएको छ । जङ्गली हात्तीले गए राति हरिवन नगरपालिका-५ महतो टोलमा शंकर महतो र प्रकाश महतोको घर भत्काएको छ ।

हात्ती धपाउन कर्मचारी परिचालन गरिएको डिभिजन वन कार्यालयका प्रमुख मन्जुर अहमदले जानकारी दिए । हात्तीले घर भत्काएर घरभित्र रहेका अन्नपात खाएर क्षति पुऱ्याएको छ । बस्तीमै हात्ती आएर क्षति पुऱ्याउन थालेपछि त्यस क्षेत्रका स्थानीय त्रसित बनेका छन् ।

हात्तीका कारण स्थानीयवासी जंगलमा घाँस दाउराका लागि जान समेत सकेका छैनन् । स्थानीयवासी र प्रहरीको सहयोगमा हात्तीलाई जंगलतर्फ धपाइएको छ ।

# आफनो धर्म संस्कृति लोप हुँदै गएकोप्रति चिन्ता

**ओम प्रकाश यादव**

गरुडा । पछिलो समय आफनो धर्म, संस्कृति लोप हुँदै गएकोप्रति रौतहटका नेवार समुदाय चिन्तित भएका छन् ।

रौतहटको फतुवा विजयपुर नगरपालिकाको हिमालीबासमा शनिवार आयोजित एक कार्यक्रममा बोल्ने नेवार समुदायका अधिकांश व्यक्तिहरुले आफूहरुको धर्म, संस्कृति लोप हुँदै गएको भन्दै चिन्ता व्यक्त गरेका छन् ।

शनिवार दिउँसो जिल्लाको पश्चिमी भेग स्थित हिमालीबासमा नेवार समुदायको सम्पन्न प्रथम नगर अधिवेशनमा नेवार समुदायका मधेश प्रदेश सदस्य श्रृष्टि श्रेष्ठले अन्य जातजाति तथा समुदाय एकजुट भइ आ-आफनो धर्म, संस्कृतिलाई संरक्षण गर्न लागि परेको भएपनि नेवार समुदायमा एकरुपता नभएका कारण नेवार समुदायको धर्म, संस्कृति लोप हुँदै गएको बताएकी छन् ।




नेपाललाई चार वर्ण छत्तीस जातको साझा फूलबारी भनिएको भन्दै श्रेष्ठले यहाँको भाषा, धर्म, संस्कृति र प्रत्येक जातका पहिरनले विश्वमा नेपाललाई चिनाउँदै आएको बताए ।

त्यही धेरै जातमध्येका एक प्रमुख जात हो नेवार समुदाय, नेवार समुदायले पनि आफ्ना भेषभुषा, भाषा, धर्म र संस्कृतिको माध्यमले नेपाललाई विश्वमा चिनाउने काम गर्दै आएकोले लोप हुँदै गएको आफना धर्म र संस्कृतिलाई जोगाउने अर्थात संरक्षण गर्नेतर्फ लाग्न सबै नेवार समुदायलाई उनले आग्रह गरिन् ।

सोही कार्यक्रममा बोल्दै दुधिअवा माविमा कार्यरत शिक्षीका उषा श्रेष्ठले नेवार समुदायहरुमा एकरुपता कायम नहुँदा यी समुदायको धर्म, संस्कृति लोप हुने खतर बढ्दै गएको बताइन् । आफ्ना संस्कृति तर्फ अहिलेका युवापुस्ताले खासै त्यती ध्यान नदिँदा धर्म, संस्कृति लोप हुने अवस्थामा पुगेको भन्दै उनले आफ्ना धर्म, संस्कृतिलाई संरक्षण गर्न सबैलाई एकजुट भएर लाग्नुपर्ने धारणा राखिन ।

कार्यक्रममा बोल्दै स्थानीय प्रकाश श्रेष्ठले पछिल्लो समय नेवार समुदायको हक अधिकारका लागि सरकार अझै उदासिन रहेको बताइन् । नेवार समुदायलाई सरकारले जहिले पनि उपेक्षा गर्दै आइरहेको बताउँदै श्रेष्ठले नेवार सुमुदायको अधिकार र पहिचानका लागि सबै नेवार समुदायलाई एकजुट हुन आग्रह गरेका थिए ।

सम्पन्न अधिवेशनबाट नेवार समुदायको नगर कमिटी समेत गठन गरिएको छ । नवगठित नगर कमिटीको अध्यक्षमा मेग बहादुर श्रेष्ठ, बरिष्ठ उपाध्यक्षमा दण्ड बहादुर श्रेष्ठ, महिला उपाध्यक्षमा विमला श्रेष्ठ, सचिवमा विनोद श्रेष्ठ, कोषाध्यक्षमा कमला श्रेष्ठलाई चएन गरिएको छ भने सदस्यहरुमा मोहनलाल श्रेष्ठ, टोपबहादुर श्रेष्ठ, अम्बिका श्रेष्ठ, मोहन नारायण श्रेष्ठ, दिपक श्रेष्ठ सानु, मन्दिरा श्रेष्ठ, नविना श्रेष्ठ, विमला कुमारी डंगोल, सुरेश श्रेष्ठ, विना श्रेष्ठ र कल्पना श्रेष्ठलाई चएन गरिएको छ ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८